प्रधान सम्पादक
संघनायक भिक्षु अश्वघोष महास्थविर
४२५९११० (संघाराम विहार, ढल्को)

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन: ४२५ ९४६६

सम्पादक
भिक्षुणी वीर्यवती
फोन: ४२५ ९४६६

सम्पादन सहयोगी
भिक्षुणी शुभवती

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन: ४२५ ८९५५

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन: ४२५ ३१८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७५३७७

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५७
नेपाल सम्वत् ११३३
इस्वी सम्वत् २०१३
बिक्रम सम्वत् २०७०


| | | |
|---|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**19th SEPTEMBER 2013**

| वर्ष- ३१ | अङ्क- ५ | यँया: पुन्हि | आश्विन २०७० |
|---|---|---|---|


आफ्नो मार्ग तय गरिसकेको शोक रहित भएर सबै गाँठो फुकिसकेको व्यक्तिलाई शोक सन्ताप हुँदैन ।

जसले स्मृतिवान् भई आध्यात्मिक सुखको लागि मेहनत गर्दछ, र गृहस्थ जीवनमा रमाउन छोड्दछ, त्यस्ता व्यक्तिले हाँसले क्षुद्र जलाशय त्यागे जस्तै गृहत्याग गर्दछ ।

जसको भौतिक चीजवस्तु थुपार्दै त्यसमा अल्झिरहने स्वभाव हुँदैन, जो भोजनमा संयमी छ, र शून्य स्वरूप निर्वाण (मुक्ति मार्ग) प्राप्त गर्न दत्तचित्त छ, त्यस्तो व्यक्तिको गति आकाशमा उड्ने पंक्षीको गति जस्तै पत्ता लगाउन कठिन हुन्छ ।

आफ्नो मूर्खतालाई चिन्नसक्ने मानिस नै पण्डित कहलाइन्छ, मूर्ख भइकन पनि पण्डित जस्तै धाक लगाउँदै हिंड्ने व्यक्तिलाई मूर्ख भनिन्छ ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# चार प्रकारका असफल व्यक्तिहरू

*भगवान् बुद्ध भन्नुहुन्छ–*

**"अलसो गिही काम भोगी न साधु,**
**असञ्ञतो पब्बजितो न साधु,**
**राजा न साधु अति सम्मकारी**
**यो कोधनो पण्डितो सो न साधु ।"**

*अर्थात्–*

गृही (घरायसी) कार्य गर्नमा अल्छी र निरूत्साहित भएर रहने व्यक्तिको जीवन राम्रो मान्न सकिंदैन भने, प्रव्रजित (त्यागी) जीवन बिताइरहेका व्यक्तिको चञ्चल र असंयमित स्वभाव राम्रो छैन । अविवेकी एवं स्वेच्छाचारी राजाको राज्य पनि राम्रो हुने छैन भने विना कारण क्रोधित बन्ने पण्डितको वानीलाई पनि राम्रो मान्न सकिंदैन ।

अब अल्छी काम भोगी गृहस्थ व्यक्तिको जीवन नराम्रो हुनुको कारण तर्फ ध्यान दिऔं । समाजमा जुन मानिस अल्छी बन्छ, उसले कुनै पनि कार्य अगाडि बढाउन सक्दैन । कहिले धेरै जाडो छ पछि गरूँला, धेरै गर्मी छ पछि गरूँला, धेरै चाँडो भयो पछि गरूँला, र धेरै अबेला भइसक्यो धेरै पानी परिरहेको छ, घाम चर्किरहेको छ आदि आदि निहुँ बहाना देखाई काम गर्नमा अल्छि हुने व्यक्तिले कहिले पनि उन्नति गर्न सक्दैन । उसको जीवन सफल र सुखमय बन्न सक्दैन । जीवन उन्नति गर्न, उत्साहित, जाँगरिलो र मेहनती बन्न अत्यावश्यक छ ।

संसारको इतिहास पल्टाएर हेर्ने हो भने अल्छी मानिसको उन्नति र सफलता भएको घटना भेटाउन सकिन्न । शास्त्रले भन्ने गरेको छ–

**"अलसस्स कुतो सिप्पं"**

अर्थात्, अल्छी मानिसले शिल्प शास्त्र सिक्न सक्दैन ।

**"असिप्पस्स कुतो धनं"**

अर्थात्, शिल्पशास्त्र को ज्ञान नजानेको व्यक्तिले कसरी धन कमाउन सक्छ र ?

भगवान् बुद्ध भन्नुहुन्छ–

"गृहस्थ जीवन सुखमय बनाउनको लागि हामीसंग चारवटा सुखहरू हुन अत्यावश्यक छन् । ती यसरी छन्–

(१) अत्थि सुख

दैनिक जीवनमा उपयोगी आधारभूत आवश्यकताका वस्तुहरू (खाना, लुगा, बास स्थान र औषधी) आवश्यकतानुसार प्राप्त हुनु

(२) भोग सुख

आफूले दुःख गरेर कमाएको धन आफ्नो इच्छानुसार भोग गर्न पाउने सुख ।

(३) अणन सुख

कसैसंग ऋणलिन नपर्ने गरी ऋणी नबनी जीवन बिताउन पाउने सुख ।

(४) अनवज्ज सुख

दोष रहीत काम गरी निर्दोषी पूर्वक जीवन बिताउन पाउने सुख ।

उपर्युक्त चारप्रकारका सुख प्राप्त गर्नका लागि अल्छी नबनी खूव मेहनती बनी काम गर्नुपर्छ । बुद्धको विचार अनुसार कर्ममा छैन के गर्नु भनी चुपलागेर बस्नु पनि मूर्खता हो । त्यसैले परिश्रम गरी काम गर्नुपर्छ र उत्साही बनी मेहनती हुनुपर्छ ।

आफूले कमाएका धनलाई रक्षा गर्न पनि जान्नु पर्छ । मानिसहरूले परिश्रम गरी केही धन कमाउँछ, भने त्यसलाई भविष्यमा पर्न सक्ने भवितव्यमा भइपरिआउने आपद विपदको लागि पनि बचाएर राख्न जान्नु पर्दछ । यस्तो बुद्धि अल्छी र मूर्ख व्यक्तिहरूको मगजमा आउँदैन । त्यसैले अल्छी व्यक्तिहरूलाई खराब व्यक्तिको समूहमा राखिएको हो ।

अव असंयमी प्रव्रजित त्यागी (भिक्षु) जीवनलाई नराम्रो किन भनिएको होला ? त्यसतर्फ पनि एकपटक ध्यान दिऔं ।

संयमित बनी अनुशासित जीवन बिताउन सक्नुलाई प्रव्रजित जीवनको शोभा मानिन्छ ।



Downloaded from http://www.dhamma.digital

भिक्षु जीवन धर्म प्रचारको लागि हो । तसर्थ नैतिक शिक्षाले भरिएको ज्ञान गुणका कुरा प्रचार गर्ने धर्म प्रचारक पहिला आफू नैतिकवान् अनुशासित र संयमित बन्न अत्यावश्यक हुन्छ । संयमीत र अनुशासित बन्न सक्नु नै श्रमण जीवन यापन गरिरहेको धर्म प्रचारको लागि औषधी जस्तै उपयोगी गुण हुनेछ ।

चण्डाशोक (सम्राट अशोक) ले आफ्नो जीवनलाई धर्माशोकको रूपमा परिवर्तन गर्न सकेको प्रमुख कारण नै उसले एक संयमित अनुशासित एवं शिक्षित भिक्षुको दर्शन गर्न पाएकोले हो ।

श्री लंकाका राजा देवानं पियतिस्स र उहाँकी महारानीको हृदय परिवर्तन भई उहाँहरूले धर्मलाई बुझ्ने मौका प्राप्त गर्न सक्नुको प्रमुख कारण नै सम्राट अशोकका छोरा भिक्षु महेन्द्रको संयमित एवं अनुशासित, शिक्षित जीवन देखेर हो भिक्षु महेन्द्रको आदर्श पाई राक्षसी स्वभावका जनताहरू सज्जन भलादमी र असल बने ।

स्वेच्छाचारी, अविवेकी, असभ्य शासक राज्यको लागि हानीकारक हुनेछ । किनभने राज्यका शासक जनताका अभिभावक हुन् । हामीले इतिहासका पन्नाहरू पल्टाएर हेऱ्यौं भने स्वेच्छाचारी, स्वार्थी, र अविवेकी शासकहरू धेरै समय टिक्न सकेको देखिँदैन । धेरै जसो अविवेकी शासकलाई जनताहरूले उखेलेर फालेको घटनाहरू इतिहास साक्षी बनी बताइरहेको पाइन्छ ।

यसरी नै अभिमानी बनी विना कारण क्रोधित रहने पण्डितहरूले आफ्नो जीवनमा उन्नति गर्न सक्दैनन् । भगवान् बुद्ध भन्नु हुन्छ–

**"क्रोधो सत्थमलं लोके"**

अर्थात्, संसारमा जति पढे लेखेका विद्वान व्यक्तिहरू भएपनि उनीहरूले अभिमानको वसमा गई रीसलाई नियन्त्रण गर्न नसकेको खण्डमा उसको विद्वतामा खिया लाग्ने छ । क्रोध आएपछि विद्वान र श्रमणको शोभा हराउने छ ।

हामीले भगवान् बुद्धले बताउनु भएका माथि उल्लेखित सम्पूर्ण ज्ञानलाई सधैं सम्झन सकेमा हाम्रो जीवन उज्वल र सफल हुनेछ ।

# क्रोध

**✍ नरेन्द्रनाथ भट्टराई**

मनुष्य जीवनको सबभन्दा बलियो शत्रु क्रोध हो । क्रोधले नपछारेका मानिस पृथ्वीतलमा खोजेर पाउन गाहारो पर्दछ । क्रोधको ज्वाला यति भयङ्कर हुन्छ कि यसले परिवार, समाज र देश, देशलाई नै पनि तहस नहस पार्दछ । बुद्धिमान भनाउँदा कतिपय मानिस पनि क्रोधको वशका परेर चिताउनै नसकिने दुष्कृत्य गर्दछन् । मानिसलाई नाश गर्ने, दुःख दिने तथा नर्कतिर पसाल्ने ढोका नै क्रोध हो भनेर गीतामा पनि भनिएको छ । विश्वको इतिहासलाई नियालेर हेर्ने हो भने लडाइँ, झगडा, षडयन्त्र आदि हुनाको मूल कारणपनि क्रोध नै हो ।

क्रोधको उत्पत्ति चाहना, वासना, इच्छा, कामना र धारणाबाट हुन्छ । मानिसको रहन सहन, पालनपोषण पठन, शिक्षादीक्षा, सङ्गत र संस्कारवाट धारणा मजबुत हुँदै जान्छ । धारणा अनुसार कामना हुन थाल्दछ । कामना पूरा गर्न लाग्दा बाधा अड्चन आइपर्दछन् तब क्रोधको जन्म हुन्छ ।

क्रोधलाई हटाउन भनेर कोही नबोले (मौन) व्रत लिन्छन् । कोही घरमा बसेदेखि क्रोध आउँछ भनेर जङ्गल वा एकान्ततिर लाग्दछन् । कोही क्रोधलाई जबरजस्ति रोकेर राख्दछन् । क्रोधको वास्तविक स्थिति नबुझी क्रोधको मूल आधार नठम्याई गरिएका कुनै पनि प्रयासबाट क्रोधलाई हटाउन सकिन्न । क्रोधलाई नियन्त्रण गर्ने प्रयासमा लागेर एकजना मानिस घरवार छोडेर जङ्गल पसेछन् । घरमा बस्दा बारम्बार रिसाइरहने मानिस अब जंङ्गलमा रिसाउने मौकै परेन । त्यहाँ मानिस नै कोही थिएनन् । छिमेकी, स्त्री, पुत्र, पुत्री, नोकर चाकर कोही भएनन् । एकदिन एउटा चराले टाउकोमा बिष्टचाइ दिएछ । रिसको पारा चढी हाल्यो । भएन भनि अब गुफामै बस्न थाले । यसरी ३० वर्ष सम्म क्रोधबाट मुक्त भई जङ्गल बसेका ती मानिसले ठाने–अब त म अक्रोधी भइसकें । जब एकपटक शहरतिर जानुपऱ्यो भनी हिँडेछन् । आफूलाई अक्रोधी महात्माको अवतार मानेर हिँडेका ती मानिसलाई भीडमा एकजनाले खुट्टा कुल्चिदिएछ । ३० वर्षसम्म मौका नपाएर भित्र लुकेर बसेको क्रोधको ज्वाला दन्किन थाल्यो । आँखा रातो पार्दै भन्न थाले– "म जस्तो महात्माको खुट्टा कुल्चने पापी ।" ❖



Downloaded from http://www.dhamma.digital

# भगवान्को उपदेश अनेकांगी–२

✍ सत्यनारायण गोयन्का

**आह्वानयोग्य अग्नि, गृहपति अग्नि, दक्षिणार्ह अग्नि ।**

फेरि भगवानले यी तीनै अग्निको बारेमा यस प्रकार ब्याख्या गर्नु भयो ।

१) **आह्वानयोग्य अग्नि भनेको के हो ?**

आमा-बुबा नै सत्कार गर्न योग्य अग्नि हुन् । आमा-बुबा रुपी अग्निको कारणले नै सबैको जन्म हुन्छ । त्यसैले यस आहुनेय्य अग्निलाई सँधै प्रज्वलीत राख्नु पर्दछ । अर्थात् आमा-बुबाको सँधै सतत सत्कार गर्नु पर्छ । उनीहरूको गौरब, सम्मान, पूजा गर्नु पर्छ र उनीहरूलाई राम्ररी सँधैं सुखपूर्वक राख्दै भरण-पोषण गर्दै रहनु पर्छ ।

२) **गृहपति अग्नि भनेको के हो ?**

जो दाजु-भाई छन्, दास-नोकर छन्, यी गृहपति अग्नि हुन् । यस अग्निलाई सँधै प्रदीप्तमान राख्नु पर्दछ । यिनीहरूको सँधैं सत्कार गर्नुपर्छ; गौरव, सम्मान, पूजा गर्नु पर्छ । उनीहरूलाई सुखपूर्वक राख्दै भरण-पोषण गर्नु पर्छ ।

३) **दक्षिणार्ह अग्नि भनेको के हो ?**

जो श्रमण ब्राह्मण विग्रह-विवादबाट अलग छन्, जो क्षमा गर्दछन्, विनम्र छन्, आफ्नो अहंलाई दमन र शमन गर्दछन्, आफ्नो राग, द्वेष र मोह रूपी अग्निलाई बुझाएर परिनिर्वाण प्राप्त गर्ने गर्दछन्, यी नै दक्षिणार्ह अग्नि हुन्, यसलाई सँधैं दीप्यमान राख्नु पर्छ । यिनीहरूलाई सँधैं सत्कार, गौरव, पूजा, सम्मान गर्दै र हनु पर्छ । यिनीहरूलाई सुखपूर्वक राख्दै भरण-पोषण गर्नु पर्छ । यिनीहरूको दैनिक जीवनका आवश्यकताहरूको पूर्ति गरिरहनु पर्छ ।

गृहस्थहरूले यी तीनै अग्निलाई सँधैं प्रदीप्त राख्नु अति कल्याणकारी छ । भगवानको उपदेशबाट प्रभावित भएर धेरैले यसलाई पालन गरेका छन् ।

केहीको विचारमा अग्नि यज्ञ गर्नु र गराउनु नै सबै भन्दा अधिक महत्त्वपूर्ण सत्कर्म थियो । घरबार छोडेर मुक्ति मार्गमा लाग्नु उनीहरूका लागि एकतर्फीको पुण्य कर्मको मार्ग थियो । यस्तो धारणा मध्येका एकजना संगारव नामक ब्राह्मण थियो । एक समय उनी भगवानको सामू आए र यही प्रश्न गरे कि "हामी ब्राह्मणहरू यज्ञ गर्छौं र गराउँछौं । हामी धेरै मानिसहरूको भलाई हुने काम गर्छौं अर्थात् भनौं हामी धेरै मानिसहरूको पुण्यलाभ हुने मार्ग अपनाउँछौं, परन्तु जो घरबार त्यागेर प्रव्रजित हुन्छन्, उनीहरू त केवल आफ्नो मात्रै दमन-शमन गर्ने गर्दछन्, केवल आफ्नो मात्र मुक्ति हुने काममा लागिरहन्छन् । उनीहरूले मुक्ति प्राप्त गरे पनि केवल आफू एकजनालाई मात्रै हुन्छ । अतः प्रव्रजित हुनु केवल एक ब्यक्तिको लाभ हुने मार्ग हो या भनौं एउटा शरीरको मात्र भलो हुने पुण्य मार्ग हो, एकांगी पुण्य मार्ग हो, तर हाम्रो त अनेकौंको हीत हुने अनेकांगी पुण्य-मार्ग हो ।"

उसको यस मिथ्या मान्यताको खण्डन गर्दै भगवानले सम्झाउनु भयो कि कोही एकजना ब्यक्ति आफ्नो मिहिनतले शुद्ध, बुद्ध, मुक्त तथागत भयो भने उसले प्राप्त गरेको लाभ उसले केवल आफूमा मात्र सीमित राख्दैन । बडो करुणा पूर्वक उसले अनेकौंलाई बाँढ्दछ । जुन मार्गमा आफू हिंडेर विद्याचरणसम्पन्न भयो, त्यसैमार्गको वर्णन उसले गर्नेछ । त्यसमार्गमा लाग्नका लागि उसले सबैलाई प्रेरित गर्दछ । तथागतले गरेको उपदेश सुनेर मानिसहरू त्यसलाई पालन गर्दछन् र यहीं यसै जीवनमा आफ्नो कल्याण गर्दछन् । यस्ता मानिसहरू-

**तानि खो पन होन्ति अनेकानिपि सतानि अनेकानिपि सहस्सानि अनेकानिपि सतसहस्सानि ।** *(अ.नि.१.३.६१, सङ्गारवसुत्त)*

- अनेक सय पनि हुनसक्छन्, अनेक हजार पनि हुनसक्छन्, अनेक लाख पनि हुनसक्छन् ।

यो सुनेर ब्राह्मण संगारवले स्वीकार गरे कि प्रव्रज्याको मार्ग पनि एकांगी होईन रहेछ, यो त अनेक मानिसहरूको कल्याणका लागि अनेकांगी पुण्य पथ रहेछ । तब संगै बसेका आनन्दले संगारव ब्राह्मणसित सोधे कि यज्ञ र प्रव्रज्याको मार्गमा कुनचाहीं मार्ग कम खर्चिलो छ, कम झन्झटको छ र कुन चाहीं मार्ग अधिक फल दिने, अधिक परिणाम दिने खालको छ ? संगारवले बुझे पनि यस प्रश्नको उत्तर दिन चाहेन तब भगवानले बुझाउनु भयो कि प्रव्रज्या मार्गमा लाग्यो भने तीन प्रकारका प्रातिहार्य (असाधारण ऋद्धिहरू) प्राप्त हुन्छन् । जस्तो कि-

१) **ऋद्धि प्रातिहार्य –** ऋद्धिको आधारमा अनेक प्रकारका चमत्कारको अनुभव गर्दछ । जस्तो एकजनाबाट अनेक जना हुने र अनेकबाट एकजना हुने । अंतर्धान



Downloaded from http://www.dhamma.digital

हुने, फेरि देखा पर्ने, आकाशमा उड्ने, पानीमा हिंड्ने, जमीनमा डुबुल्की लगाउने आदि-आदि ।

२) **देशना प्रातिहार्य** – यस्तो सिद्धि प्राप्त गर्दछ जसबाट परिचित्त ज्ञान प्राप्त हुन्छ । अर्को ब्यक्तिको मनमा कस्तो विचार चलिरहेको छ त्यसलाई थाहापाउँदछ ।

३) **अनुशासनी प्रातिहार्य** – धर्मको यस्तो कल्याणमयी शिक्षा अरुलाई बाँड्ने क्षमता प्राप्त गर्दछ कि चिन्तन-मननको क्षेत्रमा मात्र होईन ब्यवहारको स्तरमा पनि जुन गर्न हुने काम छ त्यो गर्ने र जुन गर्न नहुने काम छ त्यो नगर्ने प्रेरणा दिन्छ, त्यसको लागि उचित मार्गनिर्देशन गर्दछ । संगारवले यस तेस्रो नम्बरको ऋद्धिलाई सबैभन्दा कल्याणकारिणी थान्यो र उसले फेरि सोधे कि हे, गौतम के तपाईं बाहेक अन्य कोही भिक्षु यी तीनै प्रातिहार्यबाट सम्पन्न छ ?

तब भगवानले यसको उत्तर दिनु हुँदै भन्नुभयो । - हे ब्राह्मण, एकसय, दुईसय, तीनसय, चारसय, पाँचसय मात्र होईन यस्ता भिक्षुहरू अनेकौं छन् ।

यस्तो सुनेर संगारवले फेरि सोधे कि यस्तो ऋद्धि सम्पन्न भिक्षुहरू कहाँ रहन्छन् ? कहाँ विहार गर्छन् ?

त्यस समय भगवान विशाल भिक्षुसंघ सहित विहार गरिरहनु भएको थियो । उहाँले भन्नु भयो, ब्राह्मण, यसै संघमा नै छन्, यहीं हेर्न सकिन्छ ।

ब्राह्मण संगारव यस्तो सुनेर अत्यन्त आश्चर्य चकित भए र यस्तो आशुफलदायिनी, तुरून्त फल दिने मंगलमयी शिक्षाको लाभ प्राप्त गर्न तुरून्त त्यसै समयमा श्रद्धालु उपासक बने ।

त्यस समयमा समाजका धेरै भन्दा धेरै मानिसहरूमा यस्तो अन्धविश्वास फैलिएको थियो कि विभिन्न प्रकारका कर्मकाण्ड अथवा उपक्रमका साधना गऱ्यो भने मरेपछि विशुद्धि, विमुक्ति प्राप्त हुन्छ । धेरैलाई यो थाहा थिएन कि संसारमा यस्तो पनि कुनै विद्या छ जसबाट यसै जीवनमा यहीं विमुक्तिको रस स्वादन गर्न पाउँदछ र यसको अभ्यासबाट अनेकौं मानिसहरूले विमुक्तिको रस चाखेका छन् । वत्सगोत्र नामका एकजना यस्तै व्यक्ति भगवानसंग भेट्न आए र उसले भगवानको शिक्षाको ब्यापक प्रचार प्रसार भएको थाहानभएको कुरा बताए । तब भगवानले उसलाई बुझाउँदै भन्नुभयो–

एकजना होइन, सयजना होइन, दुईसयजना होइन, तीनसय जना होइन, चारसयजना होइन, पाँचसय जना होइन त्यसभन्दा पनि अधिक भिक्षु उहाँको शिक्षाको अनुगमन गरेर मुक्त र अरहन्त अवस्था प्राप्त गरिसकेका छन् ।

त्यस्तै पाँचसय भन्दा धेरै संख्यामा भिक्षुणीहरूले मुक्त अरहन्त अवस्था प्राप्त गरिसकेका छन् ।

पाँचसय भन्दा अधिक गृही उपासकहरूले अनागामी अवस्था प्राप्त गरिसकेका छन् । तिनीहरू अब यस कामलोकमा फेरि जन्म लिनकालागि आउँदैन ।

पाँचसय भन्दा अधिक गृही उपासिकाहरूले अनागामी अवस्था प्राप्त गरिसकेका छन् । तिनीहरू अब यस कामलोकमा फेरि जन्म लिनेछैनन् ।

पाँचसय भन्दा अधिक गृही उपासकहरू सकृदागामी तथा स्रोतापन्न छन् । उनीहरू मुक्तिको स्रोतमा परिसकेका छन्, स्वयंले निर्वाणको साक्षात्कार गरिसकेका छन् त्यसैले सद्धर्मको प्रति अत्यन्त श्रद्धावान छन् ।

पाँचसय भन्दा अधिक गृही उपासिकाहरू सकृदागामी तथा स्रोतापन्न छन् । उनीहरू मुक्तिको स्रोतमा परिसकेका छन्, स्वयंले निर्वाणको साक्षात्कार गरिसकेका छन्, त्यसैले सद्धर्मको प्रति अत्यन्त श्रद्धावान छन् ।

यो सुनेर वत्सगोत्रलाई विश्वास भयो कि भगवान्को शिक्षा सर्वत्र प्रकारले परिपूर्ण छ । यसबाट केवल तथागत शास्ता मात्र होईन उहाँका लाखौं श्रावकहरू पनि लाभान्वित छन् । यस प्रेरणाबाट प्रेरित भएर वत्सगोत्रले पनि भगवानको शरण ग्रहण गरे र प्रब्रजित भए र विपश्यना साधना सिकेर अभ्यासको थोरै समयमा नै मुक्त भए, अरहंत भए । आफ्नो मुक्ति पछि उद्‌गार प्रकट गर्दै वत्सगोत्रले भने–

**परिचिण्णो मे भगवा, परिचिण्णो मे सुगतो ।**

*(म.नि. २.२००, महावच्छसुत्त)*

मैले भगवानको महानतालाई चिनें, मैले सुगतको महानतालाई चिनें ।

जुन साधनाको अभ्यास गरेर शास्ता एक्लै मुक्त हुनुभयो त्यो लोकमंगलकारी कसरी हुन सक्छ ? भगवानले सिकाउनु भएको साधना केवल उहाँ एक्लैलाई मात्र होइन उहाँको जीवनकालमा नै अनेकौंको मुक्तिको कारण बन्यो ।



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (द्वितीय भाग)–९

✍ के.श्री धम्मानन्द
*अनुवादक*- बरदेश मानन्धर

नैतिकता विनाको विज्ञानले विध्वंस ल्याउँछ । विज्ञानलाई मान्छेहरूले पत्ता लगाएको राक्षस जस्तो बनाइएको छ र आज, दुर्भाग्यवश मान्छेहरूले नै बनाइएको त्यस राक्षस मान्छे भन्दा नै शक्तिशाली भएको छ । जबसम्म उसले धर्मको अभ्यास गरेर कसरी ब्रेक लगाउने भनेर सिक्दैन तब सम्म उसले त्यस राक्षसलाई नियन्त्रणमा राख्न सक्दैन । विज्ञान स्वयं यस विश्वलाई विनाश पार्ने छ । तर विज्ञानको साथमा बुद्ध धर्म जस्तो धर्मलाई जोडेर यस विश्वलाई बचाउन र मान्छेहरूलाई बाँच्नको लागि एउटा सुखी ठाउँ बनाउँन सकिन्छ ।

दया, करूणामा आधारित बुद्ध धर्मको प्रज्ञा (ज्ञान) को आधुनिक विज्ञानको दिशालाई सुधार गर्नमा महत्त्वपूर्ण भूमिका छ । भविष्यको सभ्यता विज्ञानलाई अङ्गाल्ने धार्मिक भावनामै विशेष रूपमा आधारित हुनु पर्दछ । बुद्ध धर्मले भविष्यको यस सभ्यतामा आध्यात्मिक नेतृत्व प्रदान गर्नुपर्छ । किन भने आफ्नो उत्पादनको वंशमा नियन्त्रणमा परेको आधुनिक विज्ञान आज सोचनिय अवस्थामा छ । भविष्यमा बुद्ध धर्मले वैज्ञानिक उन्नतिको लागि दिशा देखाउनै पर्छ ।

अलवर्ट आइस्टैनले भनेको थियो– "आधुनिक वैज्ञानिक आवश्यकतासँग सामना गर्ने यदि कुनै धर्म छ भने त्यो बुद्ध धर्म नै हुनेछ ।" तथापि बुद्धको शिक्षाको अर्थलाई हालका वैज्ञानिकहरूले पत्ता लगाएको कुराहरू सँग मिलाएर व्यवस्था गरिनु खतरा पूर्ण छ । कारण यहि न कोही विज्ञान परिवर्तन भइ रहन्छ । तर बुद्ध धर्मलाई आफ्ना शिक्षाहरूको सम्सोधन गरी रहनुको कुनै आवश्यकता छैन । यदि कुनै त्यस्तो धर्म छ भने त्यो बुद्ध धर्म नै हो । जसलाई विज्ञानले बहिष्कार गरिने छैन र जसलाई विज्ञानको साथ साथै ज्ञानको लागि समय-समयमा आफ्ना उपदेश र शिक्षाहरूलाई परिवर्तन गरी रहनु पर्दैन । बुद्ध धर्मलाई प्रस्तुतिकरण गरिएको तरिका वैज्ञानिक हुनु भन्दा बाहेक, यसले मान्छेहरूलाई आफू भित्रै रहेका र आफ्ना वरपर रहेका क्षमताहरू पत्ता लगाउनमा उत्साहित गर्नमा पनि बुद्ध धर्म वैज्ञानिक रहेको छ । त्यसकारण बुद्ध धर्मलाई आफ्ना धारणाहरू विज्ञान समक्ष समर्पण गर्ने कुनै आवश्यकता छैन । बुद्ध धर्मले विज्ञानलाई अङ्गिकार गर्दछ र त्यसपछि विज्ञानका सीमितता भन्दा, पर सम्म पुग्दछ । बुद्ध धर्मले धार्मिक र वैज्ञानिक सोचाईहरू बिच रहेको खाडललाई पुर्ने काम गर्छ ।

**बुद्धको अन्तिम सन्देश**

म नरहे पछि मेरा शिक्षाहरू नै तिमीहरूको गुरु र मार्ग दर्शक हुनेछ । बुद्धले एक समयमा भन्नु भएको थियो यी ४५ वर्षहरूमा मैले दिएका उपदेशहरूलाई तिमीहरूले राम्ररी जान्नु पर्छ र सुरक्षा गर्नु पर्दछ । तिमीहरूले यसलाई पालन गर्नु पर्छ र अरूलाई पनि सिकाउनु पर्दछ । यो अहिले भएका र तिमीहरू पछि आउनेहरूको ठूलो हितको लागि हुनेछ ।

"मेरो वर्ष पुगीसकेको छ । बाँच्ने समय थोरै मात्र बाँकी छ मैल चाँडै नै तिमीहरूलाई छोड्नु पर्नेछ । भिक्षुहरू तिमीहरू प्रयत्नशील हुनु पर्छ, गुणी र स्मृतिवान होऊ । जसले धर्म र विनयको अटूट पालना गर्छ उसले भव चक्रबाट मुक्त भई दुःखको अन्त गर्दछ ।

आनन्दले बुद्धको परिनिर्वाण पछि संघको के हुन्छ भनी सोधे पछि बुद्धले भन्नु भयो" आनन्द, संघले मबाट के आशा राख्दछ ? कुनै भेदभाव विना मैले सत्यलाई प्रकाश पारि सकेको छु । सत्यको सम्बन्धमा उसको शिक्षामा कुनै गुरु-मुष्टि छैन ..., आनन्द तिमीहरू मध्ये कसैलाई यस्तो विचार आउने छ– तथागतका शब्दहरू छिट्टै न लोप हुने छन्, छिटै न अब हाम्रो कुनै गुरु हुने छैन । तर आनन्द यस्तो नसोच म नरहे पछि, मेरा शिक्षा र विनय .... तिमीहरूको गुरु हुनेछन् ।

बुद्धले अगाडि भन्नु भयो– यदि कसैले यस्तो सोच्छन्– यस संघको नेतृत्व गर्ने म नै हुँ वा ममा नै संघ निर्भर छ' भने उसले नै उपदेशरू दिनु पर्छ । तर बुद्ध यस्तो सोच्दैन कि संघको नेतृत्व उसले नै गर्नु पर्छ वा संघ ऊ माथि निर्भर गर्दछ । अव मेरा अन्तिम अवस्था पुगेको छ । जसरी एउटा पुरानो गाडा विशेष उपाय गरेर मात्र चलाउन सकिन्छ त्यसरी नै मेरो शरीरलाई धैरै विशेष हेर चाह गरेर मात्र चलाउन सक्ने भएको छ । त्यसले आनन्द आफै प्रकाश (दियो) बन र आफै नै शरण होऊ अरू कुनै शरणको खोजी नगर । सत्य नै तिम्रो दियो (प्रकाश) र शरण हुन देऊ । अन्त कहीं शरण नखोज । *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# अनन्त ज्योति श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन–७

*अनुवाद*– **देवकाजी शाक्य**

( ६१ )

– स्वरूप नै नभएको हुँदा आकाशले कुनै पनि शून्य स्थान भर्न सक्छ ।

– स्वरूप नै नभएको हुँदा जलले कुनै पनि खेत पोषण गर्न सक्छ ।

( ६२ )

– समाजको अनित्यताले गर्दा समुन्नति सम्भव हुन्छ ।

– जीवनको अनित्यताले गर्दा भविष्य जीवन सम्भव हुन्छ ।

( ६३ )

– बुद्धको सर्वोत्कृष्ट आनन्दको विशुद्ध सुखावती भुवनमा वास गर्न क्लेशहरूबाट मुक्त होऊ ।

– जन्म, मृत्यु चक्र अन्त्य गर्न तिमीले आफ्नो साँचो स्वभावलाई अमिताभ बुद्धको प्रकृति समान छ भनेर पहिचान गर ।

– तिम्रो विचारलाई विशुद्ध पार्न, ६ वटा इन्द्रियहरूका निरंकुश बन्धनबाट मुक्त होऊ ।

( ६४ )

– पहाड उच्च छ किनभने यसले चट्टानहरूलाई आफूबाट अलग्ग गर्दैन ।

– महासागर महान छ किनभने यसले खोलानालाहरूलाई छोड्दैन ।

– स्वर्ग र पृथ्वी निश्वार्थी छन् किनभने सबै कुरा तिनीहरूमा समाविष्ट हुन्छन् ।

– बुद्ध प्रकृति स्वरूपविहीन छ, यो सर्वत्र व्याप्त छ ।

( ६५ )

– श्रद्धा र विश्वासद्वारा बुद्ध तरिका अनुभव गर ।

– बुद्धि र बोधद्वारा बुद्ध शिक्षालाई गहिरिएर हेर ।

– सद्अभ्यास र परिष्कारबाट सबैमा असल मेलमिलाप र सर्म्पक सृजना गर ।

– तिमीले बोधिज्ञान प्राप्त नगरेसम्म बुद्ध शिक्षालाई प्राप्त गर ।

( ६६ )

– अनित्यताले भोलिको दिनलाई झन राम्रो बनाउँछ ।

– अनात्मभावले हाम्रा भविष्यका आशा जगाउँछ ।

( ६७ )

– फूलको सौन्दर्यलाई जस्तै तिम्रा हृदयका सुन्दरतालाई सबैजनामा फैलाऊ ।

– फूलको सुगन्धलाई जस्तै तिम्रा प्रेमको सुगन्ध हरेक व्यक्तिसम्म फैलाऊ ।

– फूलका विशुद्धता समान तिम्रो हृदयको विशुद्धतालाई सबैलाई प्रदान गर ।

– फूलको रङ्ग समान आफ्नो असल हृदयले असल सम्बन्ध स्थापना गर ।

( ६८ )

– जहाँ बुद्धको शिक्षा चम्कन्छ, त्यहाँ बुद्धज्योतिको विशुद्ध भूमि सुखावती भुवन हुन्छ ।

– जहाँ धर्म जल बग्छ, त्यहाँ धर्म प्रकृतिको विशुद्ध भूमि सुखावती भुवन हुन्छ ।

– जहाँ संघको आशिर्वाद छ, त्यहाँ सौभाग्य र सद्गुणको पवित्र भूमि सुखावती भुवन हुन्छ ।

( ६९ )

– हाम्रा भूत, वर्तमान र भविष्यका जीवनहरू पलभरमा देख्न सकिन्छ ।

– सारा ब्रह्माण्ड एउटा सानो आकाशमा विद्यमान छ ।

( ७० )

– प्राकृतिक र अप्राकृतिक प्रकोपहरू सामूहिक कर्मबाट उत्पन्न हुन्छन् । ती प्रकोपहरू उन्मूलन गर्न हामीले खराब कर्महरूलाई परित्याग गर्नु पर्छ ।

– शारीरिक र मानसिक बिमारहरू क्लेशहरूबाट उत्पन्न हुन्छन् । तिनीहरूलाई उन्मुलन गर्न हामीले चित्त र शरीरलाई पहिला विशुद्ध पार्नु पर्छ ।

( ७१ )

– गलत ढंगले जसलाई हामीले भाग्य भनेर सम्झन्छौं, ती सबै कारणहरू र परिस्थितिहरू हुन् ।

– गलत ढंगले जसलाई हामीले भाग्य भनेर सम्झन्छौं, ती सबै बुद्ध शिक्षाद्वारा व्याख्या गरिएका छन् ।

( ७२ )

– शिष्यहरूले पहिला कसरी असल बन्ने भन्ने कुरा सिक्नु पर्छ ।

– गुरुहरूले पहिला कसरी असल बन्ने भन्ने कुरा सिकाउनु पर्छ ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# जीवनको सौन्दर्य–२

✍ गोविन्द टण्डन

सत्संग भनेको व्यक्तिगत स्वधर्म हो । एकान्तमा बसेर सत्यासत्यको आत्मचिन्तन गर्दा जुन असत्य लाग्छ त्यसलाई त्याग्ने र सत्य स्वीकार गर्ने बानी पऱ्यो कि जीवनप्रतिको दृष्टिकोण नै फरक हुन थालिहाल्छ । जीवनको सौन्दर्य देखिन सुरू भइहाल्छ ।

सादा जीवन उच्च विचारमा बाँच्नु भनेकै जीवनको सौन्दर्य हो । यो दर्शनभित्र उदारता, विशालता र सात्त्विकतालाई प्रश्रय दिएको पाइन्छ । केवल बाँच्नु मात्र जीवन होइन, बाँच्नुलाई पनि जीवनदर्शन बनाएर त्यसबाट अलौकिक आनन्द प्राप्त गर्न सक्नु नै सर्वोत्कृष्ट जीवनको महानता हो । एकजना जो मन, वचन र कर्मबाटै सात्विक छ, कसैका लागि बोझ, भारी बन्न चाहँदैन र अरूको हित, कल्याणको लागि सदा तत्पर रहन्छ तथा पृथ्वीका यावत् जीवजन्तुप्रति सहृदयी बन्छ र सहीरूपमा कारूण्यता देखाउँछ भने त्यही व्यक्तिको जीवन सार्थक बन्न सक्छ । राजसी र तामसी जीवन बिताउन पनि मानिस स्वतन्त्र छन् तर जीवन बाँच्नुको सार्थकतालाई त्यस तहबाट पाउन गाह्रो मात्रै होइन, असम्भव छ भनिदिए हुन्छ ।

सार्थक जीवन बाँच्न कुनै अमूक धर्म, संस्कृति, सम्प्रदायको अनुयायी बन्नैपर्छ भन्ने कुनै बाध्यता छैन । मात्र मानव भएर सबैप्रति समभाव र अरूको मर्यादालाई सम्मान गर्दै, हरेक प्राणीको अस्तित्व स्वीकार्दै जीवन बाँच्न सकियो भने सामान्य रूपमा भन्दा बढी जीवनको महत्त्व झल्किन थाल्छ । समाजमा भएका अनेक विकृति, रूढिबूढी, अन्धविश्वास र गलत परम्परा र संस्कारबाट पन्छिनु नै यथार्थमा जीवन बुझ्नु हो । तर धेरैले यस्तो सजिलो उपाय बुझ्नै नसकेर जीवनलाई अनेक अन्धकार र तानाबानाको जन्जालमा कसरी फसाउन पुग्छन् भने समयमा जीवन बुझ्न नसकेपछि अनेक गलतफहमीमा फस्नु त स्वाभाविक भइहाल्यो ।

जातिपाति, देश, महादेश, रूप, रंग लैंगिक विभेदमा परेर अनेक प्रकारका षड्यन्त्र, जालझेल, काला करतुत गर्नबाट आफूलाई मुक्त राख्नु जीवन बुझ्नु हो । धर्मसम्प्रदायको नाममा बेमेल र झैझगडा निम्त्याउनु, मानिसबीच विभेदको पर्खाल उभ्याउनु महानता हुन सक्तैन । यस्ता विकृतिबाट आफूलाई टाढा राख्न सक्नु नै जीवनको वास्तविकतालाई बुझ्नु हो । धर्म-संस्कृतिको आड र चलनचल्तीको नाउँमा चलेका बुद्धिविवेकहीन जति पनि अमानवीय क्रियाकलाप छन्, ती वास्तवमा विकृति हुन् । जीवनको महत्व बुझ्न त्यस्ता विकृतिबाट मुक्ति पाउनैपर्ने हुन्छ । जहिलेसम्म विकृतिमा फसेर त्यसैमा अल्मलिन्छ तबसम्म न जीवनको सार्थकता प्राप्त हुन्छ न त जीवनको सौन्दर्य बुझ्न सकिन्छ । कुराले, भाषणले, तर्कले जीवनको महकता बुझ्न सकिने नभई जीवनको महानतालाई चिनेर त्यसलाई आचरण वा जीवन व्यवहारमा उतार्न सके मात्रै त्यसबाट लाभ हासिल गर्न सकिन्छ भन्ने कुरा  घामजत्तिकै टड्कारो छ ।

जति दृष्टिकोणलाई उच्च, विशाल र महान् बनाउन सकियो त्यति समभावयुक्त विचारको पार्दुभाव हुन थाल्छ । यहींबाट उदारताको सिर्जना हुन थाल्छ । उदारताभित्र करूणा र प्रसन्नता स्वतः समेटिएको हुन्छ । हेर्दा करूणा र दया एउटै हो जस्तो लाग्न सक्छ तर तात्विक अर्थ फरक छ । दयामा दुःख पाउने अर्को देखिन्छ जबकि करूणामा दुःख पाउने अरूभई आफै हुन्छ । आफ्नै स्वरूप हुन्छ त्यो । दुःखीलाई देखेर करूणा, सुखीलाई देखेर प्रसन्नता जब हृदयमा फूल झैं खिल्न थाल्छ तब सुखी प्राणी पनि आफू नै देख्न थालिन्छ । दुःख पाउने पनि सुख पाउने पनि आफै देखिएपछि समत्वको दृष्टिकोणले ऊर्जा पाउन थालिहाल्छ । सुखमा द्वेष, दुःखमा घृणा नै संघर्षको मूल कारण हो । उदारतामा संघर्ष अटाउँदैन । यी विचार यस्ता छन्, आत्मीयताविना प्रकट हुनै सक्तैनन् । सामान्यतः आफ्नोमा बाहेक पराइमा आत्मीयताको प्रकाट्य हुँदैन । संसारमा भेदभाव, संकीर्णता, द्वेष, कटुताको मूल कारण नै यहींबाट सुरू हुन्छ । आफ्नोलाई बाहेक अरूलाई आत्मीय पाउनु नसक्नु, गैरदेख्नु नै समस्याको जड हो व्यावहारिक जगत्मा सबै तिर आफू भएको आफू नै ऊ भएको सम्झिन सके यही नै धर्म हो, यही नै अध्यात्मको मूल चुरो हो । बुझ्ने र व्यवहारमा उतार्ने यही हुन सके शान्ति समुन्नति र आनन्द यत्रतत्र सबैतिर पाइन सुरू भइहाल्छ । ❖

*(साभार- अन्नपूर्णपोष्ट)*



Downloaded from http://www.dhamma.digital

# धर्म श्रवण गर्नु उत्तम मङ्गल

✍ **पूर्णमान महर्जन**

धर्म जीवन जिउने कला हो। किनभने धर्मले आफू र अरूलाई सुखपूर्वक जिउने कला सिकाउँदछ। अर्को रूपमा भन्ने हो भने जुनकर्मले बहुजन हिताय बहुजन सुखाय गर्दछ, जुन कर्मले आफ्नो र अरूको भलो गर्दछ, जुन कर्मले यस लोक र परलोकमा समेत हित र कल्याण गर्दछ र जुन कर्मले अप्रसन्नलाई प्रसन्न र प्रसन्नलाई अधिक प्रसन्न बनाउँदछ, त्यस कर्मलाई धर्म भनिन्छ। वास्तवमा शुद्ध धर्म त्यो हो जसले मानिसलाई दुःख र बिकारबाट मुक्त हुन सिकाउँदछ। त्यसैले धर्म के हो ? भन्ने कुरा बुझ्न भगवान बुद्धको एउटा अमृतवचन उल्लेख गर्नु सान्दर्भिक हुनेछ–

**"सब्ब पापस्स अकरण, कुसलस्स उपसम्पदा**
**सचित्त परियोदपनं, एतं बुद्धान शासनं"**

अर्थात्, कुनै पाप नगर्नु, कुशल कर्म गर्नु, आफ्नो चित्तलाई शुद्ध गर्नु यही बुद्धहरूको शिक्षा हो। पहिलेको बुद्ध, अहिलेका बुद्ध र पछि हुने बुद्धहरू सबैले सिकाउने मूल धर्म यही हो।

धर्म श्रवण गर्नु उत्तम मंगल हो। निश्चितरूपमा धर्म श्रवणले मानिसलाई कुशल कर्म र कुशल मार्गतिर निर्देशित गर्दछ। धर्मलाई द्रुतगतिले बुझ्न सक्ने व्यक्तिलाई मोक्ष/मुक्तिको गन्तव्यमा पुऱ्याउन मद्दत पुग्दछ। धर्मलाई गहन रूपमा बुझ्ने व्यक्ति भएर पनि धर्म श्रवणको अवसर मिलेन भने मुक्तिको मार्गमा पुग्न संभव हुन्दैन। यस सन्दर्भमा केही उदाहरणहरूलाई नजर राखौं।

सिद्धार्थ गौतमले २९ वर्षको उमेरमा छोरा राहुल जन्मेकै दिनमा गृहत्याग गर्नुभएको थियो। तर वहाँमा बोधित्व लाभ गर्नको लागि सही मार्ग र पद्धतिको ज्ञान थिएन। त्यसबेला आलारकालाम ऋषि एक बहुत नाम चलेका गणाचार्य थियो। उनले ८ वटा लौकिक ध्यान समापत्ति मध्ये ७ वटा लाभ गरिसकेका थिए। सिद्धार्थ आलार ऋषिका कहाँ पुगेर वहाँले ७ वटै समापत्ति ध्यान सिक्नु भयो र लाभ गर्नुभयो। तर यो जरा, ब्याधि र मरण रहितको निर्वाण र बोधिज्ञानको कारण धर्म होइन भन्ने कुरा बुझ्नु भई त्यहाँबाट सिद्धार्थ निस्किनु भयो। पछि बुद्ध भैसकेपछि कसलाई प्रथम धर्म देशना गरूँ भनेर बिचार गर्दा तीक्ष्ण ज्ञान भएका आलारकालामलाई सम्झनु भयो। तर ७ दिन पहिले उनको मृत्यु भएको र अरूप ब्रह्मलोकमा उत्पन्न भैसकेको कुरा थाहापाउनु भयो। नाम (धर्म) भइ रूप नभएको हुनाले बुद्धको दर्शन गर्नु र बुद्धको उपदेश सुन्नु संभव नभएको र पछि च्यूत भई दुःख भोग गरेर सांसारिक भवचक्रमा फस्ने भएकोले आलार ऋषिलाई धेरै परिहानी भएको व्यवहार बुद्धले महसुस गर्नुभयो। यदि बुद्धको उपदेश श्रवण गर्न पाएको भए आलारकालाम तुरून्त नै अरहन्त हुने थियो।

उद्दक रामपुत्र पनि त्यस बेलाको नाम चलेको गणाचार्य थियो। बुद्धत्व प्राप्ति अघि सिद्धार्थ आलारको ध्यानाश्रमबाट निस्किनु भएपछि उद्दकको ध्यान आश्रममा पुग्नु भएको थियो। उद्दकले त्यसबेला आफ्ना बुबा रामचार्यले प्राप्त गरेका अष्ट समापत्ति मध्ये आठौं स्तरको ध्यान लाभ गर्न सकेको थिएन। तर सिद्धार्थले उद्दक श्रृषिबाट सिकेर अष्ट समापत्ति ध्यान सबै प्राप्त गर्नुभयो, लाभ गर्नुभयो। सिद्धार्थको यो पनि इच्छा निरोध र बोधित्व प्राप्त हुने मार्ग होइन भन्ने कुरा बुझ्नु भई उद्दक रामपुत्रको ध्यानाश्रमबाट पनि निस्कनु भयो। बुद्ध भईसकेपछि धर्मदेशनाको लागि उद्दकलाई सम्झँदा एक रात अघि मात्र उनको परलोक भैसकेको कुरा थाहा पाउनुभयो। उद्दक पनि आलार जस्तै अरू ब्रह्मलोकमा उत्पन्न भईसकेकोले उनलाई पनि धेरै परिहानी भएको व्यहोरा वहाँ बुद्धले महसुस गर्नु भयो। यदि बुद्धबाट हुने धर्म देशनालाई श्रवण गर्ने सौभाग्य मिलेको भए उद्दक त्यही क्षणमा अरहन्त हुने तीक्ष्ण प्रज्ञाज्ञान भएको ऋषि थियो।

बुद्धले आलारकालाम र उद्दक रामपुत्र पछि आफूले प्राप्त गर्नुभएको ज्ञान उपदेश सुनाउन पञ्चभद्रवर्गीय भिक्षुहरूलाई स्मरण गर्नुभयो। पञ्चभद्रबर्गीय भिक्षुहरू सिद्धार्थले गृहत्याग गर्नुभन्दा पहिले नै गृहत्याग गरेका भिक्षुहरू थिए। सिद्धार्थले ६ वर्षसम्म दुश्कर चर्या गर्नु भएको बेला सेवा पुऱ्याउनु भएका भिक्षुहरू थिए। दुश्कर चर्याले पनि ज्ञान लाभ नभएपछि सिद्धार्थले आफ्नो साह्रै दुब्लो पातला हाड र छालामात्र बाँकी भएको शरीरमा आहार ग्रहण गरी शरीर पोषण गर्ने शुरू गरेपछि



Downloaded from http://www.dhamma.digital

पञ्चवर्गीय भिक्षुहरूको सिद्धार्थप्रति विश्वास नभएको हुनाले उनलाई छाडेर ऋषिपतन मृगदावनमा गएर बसेका थिए। बुद्धत्व लाभ पछि पञ्चवर्गीय भिक्षुहरू कहाँ बसेका छन् भनी ध्यानदृष्टिले हेर्दा मृगदावनमा भएको जानकारी प्राप्ति पछि बुद्ध त्यहाँ पुग्नु भई आषाढ पूर्णिमाको दिनमा धर्मचक्र प्रवर्तन गर्नुभयो। यस क्रममा भगवान बुद्धले पञ्चवर्गीय भिक्षुहरूलाई चार आर्य सत्यको उपदेश देशना गर्नुभयो। दुःख आर्य सत्य, दुःख समुदय आर्य सत्य, दुःख निरोध आर्य सत्य र दुःख निरोधगामिनी पटिपदा आर्य सत्य चार आर्य सत्यहरू हुन्। धर्म श्रवण पछि पूर्णिमाको दिनमा कोण्डन्य, प्रतिपदाको दिनमा वप्प, द्वितीयाको दिनमा भद्दिय, तृतीयाको दिनमा महानाम र अस्सजीले चतुर्थीको दिनमा स्रोतापन्न फल प्राप्त गरे। हुनत पञ्चवर्गीय भिक्षुहरू बौद्ध ग्रन्थमा उल्लेख भए अनुसार आलार र उद्दक ऋषि जस्तै तीक्ष्ण प्रज्ञाज्ञान भएका होइनन्। आलार र उद्दक ऋषि जस्तै ध्यान समापत्ति लाभ भएका पनि होइनन्। तथापि भगवान् बुद्धबाट धर्मचक्र सूत्र श्रवण गर्ने सौभाग्य मिलेको हुनाले स्रोतापन्न र अनात्म लक्षण सूत्र देशनाले पञ्चमीको दिनमा पञ्चवर्गीय भिक्षुहरू सबैको चित्त उपादानादि सकल आस्रवबाट बिमुक्त भए, भव-दुःखबाट पार भए, जन्म मरणको बन्धनबाट मुक्त भए र अरहन्त भए।

पञ्चवर्गीय भिक्षुहरूमा सबैभन्दा कान्छो अस्सजि भिक्षु एक दिन भिक्षाटनको लागि राजगृह पुग्नु भएको थियो। सत्यधर्मको खोजीमा रहेका उपतिस्स र कोलित मध्ये उपतिस्सले वहाँ भिक्षु अस्सजिलाई देखे र उनीसँग "तपाईं कस्लाई गुरू मान्नु हुन्छ। कस्को धर्म रूचाउनु हुन्छ ?" भन्ने प्रश्न सोधे। अस्सजि भिक्षुले "शाक्य कुलबाट प्रव्रजित हुनुभएका बुद्धलाई म गुरू मान्दछु र वहाँकै धर्मलाई रूचाउँछु" भनी जवाफ दिए। अनि उपतिस्सले "वहाँ बुद्धले कस्तो धर्म उपदेश गर्नुहुन्छ नि ?" भनी सोध्दा संक्षेपमा अस्सजिले यस्तो भन्नुभयो–

**"ये धम्मा हेतुप्पभवा, तेसं हेतु तथागतो आह**
**ते सं च यो निरोधो, एवंवादी महासमणो"**

अर्थात्, जुन धर्म हेतुद्धारा उत्पन्न हुन्छ, त्यसको हेतु तथागतले बताउनु हुन्छ। त्यस्को जुन निरोध हो, त्यो पनि वहाँ महाश्रवण हुनुहुन्छ। अस्सजिबाट धर्मको यस गाथा श्रवण गर्ने बित्तिकै उपतिस्स स्रोतापन्नफलमा प्रतिष्ठित भए। पछि उनले आफ्नो मित्र कोलितलाई सुनाए पछि कोलित पनि श्रोतापन्न भए। भगवान बुद्धको शासनमा पछि उनीहरू अग्रश्रावक (सारीपुत्र) र महाश्रावक (महामौद्गल्यायन) भए।

भगवान् बुद्धले ३८ वटा मंगल विधानलाई देशना गर्ने क्रममा भन्नु भएको छ कि बेलाबखत धर्म श्रवण गर्नु (कालेन धम्मस्सवणं) उत्तम मंगल हो। किनभने धर्म श्रवणले नसुनेका राम्रा ज्ञानगुणका कुराहरू सुन्न पाइन्छ, सुनिसकेको भएपनि फेरि सुन्नाले स्पष्ट हुन्छ, शङ्का उपशङ्का हटेर जान्छ, दृष्टि सोझो हुन्छ र मनमा भएका अन्धविश्वास हटेर जान्छ र मन प्रसन्न हुन्छ र साथ साथै धर्म श्रवणले दुःखमय भवचक्रबाट मोक्ष, मुक्ति र निर्वाणमार्ग पछ्याउन सहयोग र प्रेरणा गर्दछ। त्यसैले हामी आफ्नो कल्याणको लागि सत्पुरूषहरूको धर्म देशनालाई सौभाग्य सम्झेर सदैव मनन गर्न सकौं र दुःख मुक्तिको मार्गमा अग्रसर हुन सकौं। ❖

# धम्मपद – २६५

**✍ प्राज्ञ रीना तुलाधर (बनिया)**
*'परियत्ति सद्धम्म कोविद'*

**यस्स पारं अपारं वा – पारापारं न विज्जति**
**वीतद्दरं विसंयुत्तं – तमहं ब्रूमि ब्राह्मणं**

*ब्राह्मण वर्ग: गाथा ३८५*

*अर्थ–* जसको पार = (आँखा, कान, नाक, जीब्रो, काया, मन) र अपार (= रूप, शब्द, गन्ध, रस, स्पर्श, धर्म) मा पारापार अर्थात "म" र "मेरो" भन्ने हुँदैन, जो भय त्रास नभएका अनाशक्त हुन्छ, त्यसलाई नै म ब्राह्मण भन्दछु।

*घटना–* उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा बस्नु भएको बेला मारको कारणमा भन्नुभएको थियो।

एकदिन मारले मनुष्यको भेष लिएर आई भगवान बुद्धकहाँ प्रश्न सोध्न आए– "भन्ते पार-पार भनीरहन्छन्, यो पार भनेर के लाई भनेको हो ?"

भगवान बुद्धले त्यसलाई मार हो भनेर चिनी भन्नुभयो– "हे मार तिमीलाई त्यो पार के हो भनेर जानेर फाइदा छैन। यो त वीतराग भईसकेकाले पुग्न सक्ने स्थान हो।"

यसरी आज्ञा भई भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो। ❖



Downloaded from http://www.dhamma.digital

# "बुद्धको जन्म नेपालमा" बिलकुल सही जवाफ

✍ कुसुम भट्टराई

केही समयअघि भारतीय च्यानल सोनीको चर्चित कार्यक्रम 'कौन बनेगा करोडपति' मा कार्यक्रम सञ्चालक एवं बलिउडका महानायक अमिताभ बच्चन र एक पुरुष प्रतियोगिबीचको प्रश्नोत्तरले नेपाली दर्शकको पनि ध्यान तान्यो।

*अमिताभ बच्चन :* अब ६ लाख ४० हजार रूपैयाँ (भारू) का लागि प्रश्न छ, गौतम बुद्धसँग जोडिएका यीमध्ये कुनचाहिँ घटना नेपालमा भयो। तपाईका लागि 'अप्सन' छन्:

ए - जन्म

बी - ज्ञान प्राप्ति

सी - पहिलो उपदेश

डी - महापरिनिर्वाण।

*प्रतियोगी :* ज्ञान प्राप्ति बोधगयामा भएको थियो। उनले पहिलो उपदेश सारनाथमा दिएका थिए। महापरिनिर्वाण चाहिँ मेरै जिल्ला अर्थात् कुशीनगरमा प्राप्त गरे। निश्चय नै बुद्धको जन्म नेपालमा भएको हो। त्यसैले मेरो उत्तर हुनेछ, 'ए- जन्म'।

*अमिताभ :* के यो फाइनल उत्तर हो ?

*प्रतियोगी :* बिलकुल।

*अमिताभ :* 'ए - जन्म यानि बर्थ' मा ताला लगाउँदा हुन्छ ?

*प्रतियोगी :* बिलकुल ताला लगाए हुन्छ।

*अमिताभ :* कम्प्युटरजी'ए - जन्म यानि बर्थ' मा ताला लगाउनुस् र बताउनुस, यो जवाफ सही हो कि हैन ? (कम्प्युटरले 'ए' अप्सनमै हरियो संकेत गरेपछि) तपाई बिलकुल सही हुनुहुन्छ। 'ए- जन्म' नै सही उत्तर हो। तपाईले ६ लाख ४० हजार रूपैयाँ (भारु) जित्नुभयो। बधाई छ।

धन्यवाद छ, अमिताभलाई पनि। भारतकै कतिपय मिडिया र मिसिनरीले 'भगवान् गौतम बुद्धको जन्म भारतमा भएको' गलत प्रचार गरिरहेका बेला 'बिग बी' ले आफूलाई सत्यको पक्षमा उभ्याएका छन्। आखिर सही जवाफ यही हो, बुद्धको जन्म नेपालमा भएको हो। यो सही जवाफ जब भारतको चर्चित कार्यक्रम 'कौन बनेगा करोडपति' मार्फत विश्वभर फैलियो, नेपालीमाझ खुसी सञ्चार भयो। सामाजिक सञ्जालहरूमा अमिताभको व्यापक प्रशंसा भयो, भइरहेको छ।

'बुद्ध भारतमा जन्मिएका हुन्' भनेर बेलाबेलामा हल्ला चलाउने भारतीय सञ्चारमाध्यमको गलत प्रचारको सिकार स्वयं अमिताभ बच्चन पनि हुँदै आएका छन्। बुद्धसँग जोडिएको उनको अर्को प्रसंग रोचक छ। सन् २०१० को जुलाईमा प्रख्यात टीभी च्यानल 'आइबीएन' ले समाचार दियो, 'बिग बी उमेरले ६६ वर्षको भए पनि उनमा अभिनय क्षमता उस्तै छ। 'पा' पछि अब अमिताभ गौतम बुद्धको भूमिका निर्वाह गर्दैछन्।

खासमा त्यो प्रचार झूठो थियो। मिडियामा अमिताभ बच्चनको ब्लगमा पोस्ट गरिएको सूचनाको हवाला दिइएको थियो। अमिताभले ब्लगमा खास यस्तो लेखेका थिए, 'रामगोपाल बर्मा र पुरी जगन मकहाँ चलचित्र बुढ्डाका बारेमा कुरा गर्न आएका थिए। अब सबै तय भइसकेको छ। चाँडै नै यो योजना सुरू हुनेछ। अंग्रेजीमा लेखिएको 'बुढ्डा' लाई भारतीय मिडियाले 'बुद्ध' पढेछन्, अनि त भ्रमको खेती सुरू भइहाल्यो। पछि अमिताभ आफैंले त्यो हल्लाको खण्डन गरे। उनले भने, 'म बुद्धको भूमिका गर्न गइरहेको होइन। पुरी जगनसँग बुढ्डाका बारेमा कुरा चलेको हो।'

अमिताभकै बारेमा दिनदहाडै यस्तो भ्रम पस्किने भारतीय मिडियाले बुद्धको जन्मस्थलका बारेमा भ्रम फैलाउनु कुनै आश्चर्यको विषय भएन। अमिताभ जसको नाम नै बुद्ध छ, उनले बुद्धको बारेमा सत्य, तथ्यलाई नै बढावा दिएका छन्। सत्यवचन बोल्नु नै बुद्धको पनि सन्देश हो।

'अमित' र 'आभा' मिलेर बनेको शब्द 'अमिताभ' को अर्थ हुन्छ, अनन्त प्रकाश। बौद्ध धर्मावलम्बीमा 'अमिताभ बुद्ध' प्रख्यात छन्। 'अमिताभ बुद्ध' बुद्धकै एक



Downloaded from http://www.dhamma.digital

अवतार हुन् । यसको वर्णन महायान बौद्ध धर्मग्रन्थमा गरिएको छ । महायानका जापानी, चिनियाँ अनुयायी पनि अमिताभ बुद्ध मान्छन् । तिब्बतमा प्रचलित बज्रयान शाखामा पनि अमिताभ बुद्ध मान्ने गरिन्छ । अमिताभ बुद्ध आफ्नो कुनै पूर्वजन्ममा 'धर्मकार' नाम गरेका बोधिसत्व पुरूष थिए र उनले धेरै असल काम गरेका थिए ।

चीनमा करिब १६ करोड डलर खर्च गरी भगवान् बुद्धको विश्वकै अग्लो प्रतिमा बनाइएको छ । चीनको झियाङ्झी प्रान्तको झियुजियाङ सहरमा निर्मित त्यो ४८ मिटर अग्लो बुद्ध प्रतिमा बनाउन ४८ किलो सुन प्रयोग गरिएको छ । त्यो प्रतिमाको नाम हो, 'अमिताभ बुद्ध' । चीनको कुरा छोडौं, पाटनको क्वबहालस्थित बौद्धविहार अर्थात् 'स्वर्ण मन्दिर' मा पनि अमिताभ बुद्धको प्रतिमा छ ।

'अमिताभ' नामसँग बुद्धको यो साइनोको प्रसङ्ग किन झिकिएको हो भने असल काम गर्नेहरू नै असलमा बुद्ध पुरुष हुन्छन्: जसले सबैको मन जित्न सक्छन् । महानायक अमिताभ बच्चनले 'बुद्ध नेपालमा जन्मिएको हुन्' भनेर आफ्नो भूमिबाट भइरहेको गलत प्रचार अर्थात् 'असत्य वचन' लाई सच्याएर सत्यको अनन्त (अमितं) प्रकाश (आभा) फैलाएका छन् ।

**सत्य प्रमाण –**

कलिङ युद्धको बीभत्स दृश्यबाट पग्लिएका मौर्य सम्राट् अशोक अन्ततः बुद्धका शरणमा आए । त्यस क्रममा इसापूर्व २४९ मा अशोक लुम्बिनीको तीर्थयात्रामा आएका थिए । उनले लुम्बिनीमा अशोक स्तम्भ निर्माण गरे । अनि त्यहाँ यहाँ शाक्यमुनि बुद्ध जन्मिएका थिए' भनेर शिलालेख लेखेका थिए । सम्राट् अशोकले आफ्नो शासनकालमा अशोक स्तम्भमात्रै गाडेनन्, पाँच वर्षको अन्तरालमा आफूले गाडेका स्तम्भ र निर्माण गरेका स्तूपको अवलोकन गर्ने परिपाटी बसालेका थिए ।

कालान्तरमा लुम्बिनीमा अशोक स्तम्भ रहेको क्षेत्र घना जंगलले छोपियो । सन् १८९६ डिसेम्बर १ मा आएर जर्मनीका पुरातत्वविद् एन्टोन फुहररले लुम्बिनीमा त्यो अशोक स्तम्भ पत्ता लगाए । भारतमा ब्रिटिस शासनकाल तत्कालीन इस्ट इन्डिया कम्पनी प्रमुख स्मिथले नेपाल सरकारको अनुमतिमा लुम्बिनीको उत्खनन्का लागि पुरातत्वविद् एन्टोनलाई पठाएका थिए । त्यस बेला नेपालको तर्फबाट पश्चिम कमान्डिङ जनरल खड्गशमशेर राणा सहभागी थिए । उक्त उत्खनन्पछि फुहररले 'एन्टिक्युटी अफ नेपलिज तराई' नामक पुस्तक पनि लेखेका छन् । उनले त्यस पुस्तकमा पनि गौतम बुद्ध नेपालको लुम्बिनी कपिलवस्तुमा जन्मिएको किटान गरेका छन् । त्यही अशोक स्तम्भकै आधारमा युनेस्कोले सन ११९७ मा भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरिसकेको छ । लुम्बिनीको बृहत् विकासका लागि सन् १९७८ बाट लुम्बिनी एकीकृत गुरुयोजनासमेत सञ्चालित छ । यस क्रममा लुम्बिनीमा पटकपटक विश्व बौद्ध सम्मेलन भइसकेका छन् ।

**असत्य वचन –**

इतिहासको यो सत्य प्रमाण हुँदाहुँदै पनि बुद्धको जन्मस्थलबारे भ्रम फैलाउन छाडिएको छैन । गौतम बुद्धले बोधगयामा ज्ञान प्राप्त गरेका थिए । उनको एउटा प्रमुख उपदेश थियो, 'असत्य नबोल्नु' । यस्ता धेरैशील (असल आचरण) बुद्धले सिकाएका छन् । तैपनि बुद्धले ज्ञान प्राप्त गरेको भूमितिरबाटै बेलाबेलामा असत्य वचन बोल्ने काम भयो, भइरहेकै छ । त्यस्तै एउटा असत्य वचन हो, 'बुद्ध भारतमा जन्मिएका हुन् ।' यस्तो असत्य वचन भारतका पाठ्यक्रममा हुनु दुःखद हो । आखिर यसले नेपालमाथि मात्र नभई स्वयं भारतीय बौद्धमार्गीमाथिसमेत न्याय गर्दैन ।

हुन त नेपालस्थित भारतीय राजदूत जयन्त प्रसादले काठमाडौंमा आयोजना हुने विभिन्न कार्यक्रममा बुद्धको जन्मस्थल नेपाल नै भएको बताएर नेपालीलाई आश्वस्त पार्ने कोसिस नगरेका होइनन् तर अझै पनि भारतका धेरै पत्रकार, बुद्धिजीवी, लेखकर शासकप्रशासक 'बुद्ध भारतमै जन्मिएका हुन्' भन्ने ठान्छन् । कोही भ्रमवश, कोही अज्ञानवश, धेरैजसो नियतवश ।

केही समयअघि लुम्बिनीमा आयोजित 'नेपाल–भारत टुरिजम मार्ट' नामक कार्यक्रममा पनि भारतीय पक्षले बाँडेको 'द पाथ' नामक पुस्तिकामा 'बुद्धका बुबा



Downloaded from http://www.dhamma.digital

शुद्धोदनको दरवार रहेको तिलौराकोट क्षेत्र भारतको उत्तर प्रदेशमा पर्छ' भन्ने उल्लेख गरिएको थियो । त्यसैगरी 'न्युजविक इन्टरनेसनल' का सम्पादक फरिद जकरियाद्वारा लिखित पुस्तक 'द पोस्ट अमेरिकन वर्ल्ड' मा पनि 'बुद्ध भारतमा जन्मिएको' गलत प्रचार गरिएको छ। पुस्तकको पृष्ठ १५४ मा जकरियाले लेखेका छन्, 'बुद्ध भारतीय थिए, बुद्ध दर्शन पनि भारतमै पत्ता लागेको थियो तर बौद्धमार्गी भारतमा छैनन् ।'

यस्तो गलत प्रचारले भरिएको पुस्तक बजारमा आएपछि नेपालको संसद्को राज्यव्यवस्था समितिले त्यस बेला 'औपचारिक रुपमा आपत्ति' जनाउन गृहमन्त्रीमार्फत सरकारको ध्यानाकर्षण पनि गराएको थियो । एकीकृत नेकपा माओवादीका प्रवक्ता दीनानाथ शर्माले संसदको राज्यव्यवस्था समितिको बैठकमा यसबारेमा कुरा उठाएपछि तत्कालीन गृहमन्त्री भीमबहादुर रावलले त्यसबारेमा सरकारले गम्भीरतापूर्वक लिएको बताएका थिए । यद्यपि, जकरियाको पुस्तकमा अहिले पनि त्यो गलत तथ्य ज्यूँका त्यूँ छ ।

भारतको पाठयक्रममा मात्र होइन, नेपाललाई तुलनात्मक रूपमा वढी स्नेह गर्ने भनिएको मुलुक चीनका कतिपय इतिहास सम्बन्धी पुस्तक र पाठयक्रममा पनि "बुद्ध भारतमै जन्मिएको" उल्लेख भएको पाइन्छ। त्यसै गरी इजरायल, इजिप्ट, कोरियामा समेत भगवान् गौतम बुद्धको नाम, जन्ममिति र जन्मस्थलबारे पाठयक्रममै गलत तथ्य उल्लेख छन् । कोरियाको निम्न माध्यमिक विद्यालयको "इथिक्स् पार्ट वन" नामक पुस्तकको पेज नम्बर ७७ मा "भारतको खापिला क्यास्टलमा गौतम बुद्धको जन्म भएको उल्लेख गरिएको थियो । माध्यमिक स्तरको पाठयक्रम "वर्ल्ड हिस्टोटी बुक" मा गौतम बुद्ध ब्राह्मण परिवारका राजकुमार थिए" भन्ने उल्लेख थियो । कोरियास्थित नेपाली समुदाय र नेपाल सरकार को पहलमा त्यहाँका कतिपय पाठयक्रमबाट यस्तो गलत तथ्य हटाइएको छ भने केहीमा अझै पनि हराउन बाँकी छ ।

*क्रमशः*

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*बुन्हि :*
बि.सं. १९८६ पौष २१ गते,
शनिवार

*मदुगु न्हि :*
बि.सं. २०७० भाद्र ७ गते,
शुक्रवार

# दि. ज्ञानदेवी तुलाधर


धर्मकीर्ति पत्रिकाया विशेष सदस्य **ज्ञानदेवी तुलाधर** ८४ दँया बैशय् दिवंगत जुयादिल । उपासिका ज्ञानदेवीया सुगती कामना यासे वय्कःया परिवारं संसारया अनित्य, दुःख, अनात्म स्वभावयात थ्वीकाः, थुगु दुःखद् घडी धैर्य धारण याय्फय्मा धकाः कामना याःगु जुल ।

**धर्मकीर्ति पत्रिका परिवार, धर्मकीर्ति विहार**
श्रीघः नःघः



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति पत्रिकालाई सम्मान



नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)
Federation of Nepalese Indigenous Nationalities Journalists (FoNIJ)
Central Committee

धर्मकीर्ति मासिक
काठमाडौं

मातृभाषामा पत्रकारिताको सुरूआत गरेर धर्मकीर्ति मासिक (नेपाल भाषा) पत्रिका १०० अङ्क भन्दा बढी प्रकाशित भएकोमा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)को १४औं स्थापना दिवसको अवसरमा मातृभाषा पत्रकारितामा पुऱ्याएको योगदानको उच्च कदर गर्दै यो *सम्मान-पत्र* प्रदान गरिएको छ ।

पत्रिकाको आगामी यात्राले निरन्तरता पाओस् !

माननीय माधवप्रसाद पौडेल
प्रमुख अतिथि
मन्त्री, सूचना तथा सञ्चार

डण्ड गुरूङ
अध्यक्ष
नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)

२७ साउन, २०७०

*सम्मान–पत्र*

नेपाल आदिवासी जनजाति पत्रकार महासंघको चौधौं स्थापना दिवसको उपलक्ष्यमा प्रज्ञा भवनमा सम्पन्न एक कार्यक्रममा मातृभाषामा प्रकाशित १०० वटा भन्दा बढी संख्यामा प्रकाशन भइसकेका पत्रिकालाई सम्मान गरिएको थियो । यही क्रममा धर्मकीर्ति विहार बाट प्रकाशन भइरहेको “धर्मकीर्ति” पत्रिकालाई पनि सम्मान गरिएको थियो । स्मरणिय छ, धर्मकीर्ति पत्रिका बि.सं. २०२९ साल बैशाख पूर्णिमा देखि प्रकाशन गरिएको थियो भने त्यो समयमा यस पत्रिका नेपाल भाषामा प्रकाशन हुने गर्थ्यो । हाल धर्म प्रचारको मूल उद्देश्य लिई अगाडि बढिरहेको यस पत्रिकाले नेपाल भाषा र नेपाली भाषामा पनि धर्म सम्बन्धी रचनाहरू र समाचारहरू प्रचार गर्ने गरिएको छ ।

कार्यक्रममा धर्मकीर्ति र आनन्दभूमि समेत गरी जम्मा १५ वटा पत्रिकालाई प्रमुख अतिथी सूचना तथा सञ्चार मन्त्री माधव पौडेलले सम्मान–पत्र प्रदान गर्नुभएको थियो ।

**“सुखको कामना गर्ने मानिसलाई यो तृष्णारूपी नदी खुव राम्रो र प्यारो लाग्दछ । यसै कारण यस्ता मानिसहरू तृष्णाको नदीको प्रवाहमा (लपेटा) पर्दै वारंवार जन्म मरणको फन्दामा परिरहन्छन् ।”**

**– धम्मपद**



Downloaded from http://www.dhamma.digital

## विषय- प्रज्ञा नै मानिसहरूको अमूल्य रत्न हो

*२०७० असार ८ गते*

*प्रवचिका- श्रद्धेय अनुपमा गुरुमां*

*प्रस्तुती- मिनरवती तुलाधर*

यसदिन श्रद्धेय अनुपमा गुरुमांले प्रवचन दिनुहुँदै भन्नुभयो– प्रज्ञा भन्नाले यथार्थ रुपले सत्य, तथ्य बुझ्न सक्ने, ज्ञान, विवेक बुद्धिलाई भनिन्छ। प्रज्ञावान् व्यक्तिहरूले आफूलाई र अरुलाई फाइदा हुने काम र कुरा गर्छन् । संसारमा भएका अनेक किसिमका रत्नहरू मध्ये प्रज्ञारुपि रत्न धेरै गुणा अमूल्य हुन्छन् । त्यस्ता रत्नहरू आर्य सत्पुरुषहरूसंग सत्संगत गर्नाले प्राप्त हुन्छन् ।

प्रज्ञा, बुद्धि नहुनेहरूलाई १० प्रकारले पश्चाताप हुनेगर्छ, ती हुन्–

(१) बालक अवस्थामा विद्या अध्ययन नगर्नाले पश्चाताप हुन्छन् ।

(२) यौवन (योवन) अवस्थामा धन कमाउन नसक्नाले पश्चाताप हुन्छन् ।

(३) मिलेर बस्नेहरूलाई चुकली गरेर फाटो ल्याइदिनाले पश्चाताप हुन्छ ।

(४) अरुलाई हिंसा गर्नाले पश्चाताप हुन्छ ।

(५) धनसम्पत्ति हुँदा हुँदै पनि दान नदिनाले पश्चाताप हुन्छ ।

(६) आफ्ना आमाबुबालाई पालन-पोषण गर्न सक्ने शक्ति भइकन पनि नगर्नाले पश्चाताप हुन्छ ।

(७) आफूभन्दा ज्येष्ठ गुरु आचार्यहरूले दिनु भएको उपदेश नसुन्नाले पश्चाताप हुने गर्छ ।

(८) त्यस्तै विद्वानजन कहाँ गएर ज्ञानगुणका कुरा नसुन्नाले र मिथ्याधारण राखेर काम गर्नाले पश्चाताप हुन्छ ।

(९) काय, वाक, चित्तलाई संयम नगरिकन जथाभावी कुरा गर्नाले पश्चाताप हुन्छ ।

हामीले अतीतको बारे पनि चिन्तन गर्नुहुँदै, भविष्यको बारे कल्पना गर्नु हुँदैन बर्तमान अवस्थालाई मात्र होश राखेर सुधार गर्नुपर्छ ।

पुण्य कार्य तीन प्रकारले गर्न सकिन्छ । ती हुन्– दान, शील र ध्यान ।

सबै बुद्धहरूले दिनुभएको उपदेश– "सबै प्रकार का पाप कर्म नगर्नु, कुशल कर्म गर्नु र आफ्नो चित्तलाई परिशुद्ध गर्नु ।

## वेलुद्वारेय्य सुत्त–गृही धर्म

*२०७० श्रावण २६ गते, शनिवार*

*प्रवचक- पूज्य अश्वघोष भन्ते । प्रस्तुती- राज भाइ तुलाधर*

सूत्रपिटकको संयुक्त निकायमा भएको वेलुद्वारेय्य सूत्रमा भगवान बुद्धले गृहस्थहरूको हीत, सुख र आध्यात्मिक उन्नति कसरी हुन्छ भन्ने उपदेश दिनु भएको छ । एकपटक भगवान कोसल देशको वेलुद्वार भन्ने ब्राह्मण गाउँमा चारिका गरिरहनु भएको थियो । भगवान् बुद्धको कीर्ति सुनेर ब्राह्मणहरूले बुद्ध कहाँ आएर भने– "भो भगवान, हामीहरू परिवार सहित बसेर धन सम्पत्ति जोडेर वस्नु पर्ने व्यक्तिहरू हौं, हामीलाई मरेपछि स्वर्ग जान सक्ने उपदेश दिनु होस् ।" भगवानले त्यसो भए सुन म भन्छु भनेर भन्नु भयो "आर्यश्रावकले विचार गर्छ : मलाई बाँचीराख्न मनपर्छ । सुख मनपर्छ, दुःख मनपर्दैन । कसैले मलाई दुःख दिने, म प्रति हिंसा गर्ने मनपर्दैन । यसरी नै यदि मैले अरूलाई यस्तो कुराहरू गरें भने उसलाई पनि पक्कै मन पर्दैन । त्यसैले तिमीले कसैलाई पनि दुःख हुने हिंसा कर्म नगर । त्यस्तै चोरी, बलात्कार, भ्रष्टाचार, झुठ कुरा, चुक्ली, कटुवचन, वकवास कुरा आदि नगर जसले त्यसलाई दुःख हुन्छ । त्रिरत्न प्रति श्रद्धा राखेर आचरण राम्रो पार्न सके तिमीहरू श्रोतापन्न मात्रै होइन निर्वाण सम्म पनि पुग्नेछौ । नर्कमा जांदैनौं भनेर बुझ्न सक्नेछौं ।"

भगवान बुद्धले हिंसा गर्नु हुँदैन भनेको कुरालाई लिएर वेलावखत वादविवाद हुने गर्छ । बुद्धको समयमा पशु वलि दिएर यज्ञ गर्ने चलन धेरै थियो । यस्तो यज्ञबाट धेरै पुण्य अर्जित हुन्छ भन्ने मिथ्या दृष्टि व्याप्त थियो । यस्तो निरर्थक कुरा समाजवाट हटाउन उहाँले हिंसा नगर्न भन्नु भयो । अर्को कुरा हिंसाको तह तह हुन्छ । एउटा मान्छे मार्नु र एउटा कीरा मार्नुमा धेरै फरक छ । मानिसको हत्या गर्दा त्यसले उत्पन्न गर्ने क्लेश धेरै गहिरो हुन्छ । कुनै भिक्षुले मानिसको हत्या गऱ्यो भने त्यो ठूलो अपराध हुन्छ । तर कुनै जीवजन्तु मारे त्यसलाई भिक्षुसंघले क्षमा दिन सक्छ । खेत जोत्दा थुप्रै कीराहरू मर्न सक्छन् । तर त्यहाँ हिंसा गरियो भन्ठान्नु उचित हुँदैन । किनभने किसानको उद्देस्य जीवहिंसा गर्ने नभएर अन्न उब्जाउनु हो । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा संचालन हुने कक्षाको उद्देश्य बौद्ध विद्वान वनाउनु भन्दा पनि राम्रो आचरण भएको असल मानिस बनाउनलाई हो । औपचारिक योग्यता (Quali Fication) प्राप्त गर्नु भन्दा वास्तविक रूपमा योग्य (Quali Fied) हुनलाई हो । सुनेर पढेर विद्वान हुनु राम्रो हो, तर विद्वान भए जस्तै बौद्ध गुण विकसित गर्दै ज्ञानी पनि भएमा मात्रै कक्षाको उद्देश्य पूरा हुनेछ ।



Downloaded from http://www.dhamma.digital

# सेतो गुम्बा भ्रमण




२०७० असार २२ गते धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा सेतो गुम्बामा धार्मिक भ्रमण सम्पन्न गरिएको समाचार छ । प्राप्त समाचार अनुसार ५ जना गुरुमांहरू र उपासकोपासिकाहरू गरी जम्मा १०१ जना सहभागी रहेको उक्त भ्रमण कार्यक्रममा श्रद्धेय जवनवती गुरुमांले शील प्रार्थना गराउनु भई बुद्ध पूजा कार्यक्रम सञ्चालन गर्नुभएको थियो । भ्रमण कार्यक्रमको संयोजक विजय तुलाधरले कार्यक्रम सम्बन्धी मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा A. Druk Monastery का लामा जिग्मेले स्वागत भाषण गर्नुभई धर्मोपदेश गर्नुभएको थियो। यसरी नै कुशुम गुरुमांले पनि धर्मदेशना गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा इन्दावती गुरुमांले धन्यवाद ज्ञापन गर्नुभई पुण्यानुमोदन गर्नुभएको थियो । यस दिनको कार्यक्रम अरुणसिद्धि तुलाधरले सञ्चालन गर्नुभएको थियो ।

*सेतो गुम्बा भ्रमणमा सहभागी श्रद्धालुहरू*

## धर्मकीर्ति पत्रिकालाई सहयोग

**उपासिका धर्मदेवी तुलाधर किसिढोका (हाल बालाजु) ले धर्मकीर्ति प्रत्रिकाको सहयोगार्थ रु. ३०००/– चन्दा स्वरुप प्रदान गर्नुभएको छ ।**

**दाता उपासिकाको यस मैत्रीपूर्ण सहयोगको लागि धर्मकीर्ति पत्रिकाले साधुवाद व्यक्त गर्दै उहाँको आयु आरोग्य, निरोगी एवं आध्यात्मिक सुखको कामना गरेको छ ।**



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति संरक्षण कोषको वार्षिक भेलामा प्रस्तुत गरिएका धर्मकीर्ति विहार संरक्षण कोष एवं सम्बन्धित इकाईहरू र सम्बन्धन प्राप्त विहारहरूको प्रगति विवरण

## पद्मकीर्ति विहारको परिचय सहित प्रगति विवरण

काठमाडौं, कमलपोखरी स्थित पद्मकीर्ति विहारको स्थापना वि. सं. २०४७ सालमा भएको हो। श्रद्धेय कमला गुरुमाँका दिवंगत मातापिता स्व. पद्म कुमारी राजकर्णिकार र स्व. पद्म बहादुर राजकर्णिकारहरूको सश्रद्धापूर्ण विशेष सहयोगबाट यस विहारको स्थापना भएको हो । विहारमा ५ वटा आवासीय कोठाहरू एक वटा भान्छा र एकवटा धम्महल रहेका छन्। प्रब्रजितहरूको आवासका निमित उद्देश्य राखी निर्माण गरिएको यस पद्मकीर्ति विहारमा हाल आवासीय रुपमा ५ जना गुरुमांहरू र दुई जना उपासिकाहरू रहेका छन् भने बुद्धधर्म अध्ययन तथा ध्यान अभ्यासको क्रममा एकजना गुरुमां म्यानमार (बर्मा) देशमा रहदै आउनु भएको छ।

यस पद्मकीर्ति विहारमा विभिन्न बुद्ध शासनिक क्रियाकलापहरू हुँदै आएका छन् । वर्षभरि विभिन्न समयहरूमा दान - शील - भावना अभ्यासका कार्यहरू सम्पन्न हुने गरेका छन्। गएको वर्ष अर्थात् वि.सं. २०६९ साल भरि विहारमा विभिन्न शासनिक क्रियाकलापहरू सम्पन्न भए। केही प्रमुख क्रियाकलापहरू।

१) दैनिक बुद्धपूजा पाठ कार्य लगायत वर्षभरि प्रत्येक शनिवार विहारका आवासिय गुरुमाँहरू मार्फत बुद्ध पूजा, धर्मदेशना तथा ध्यान भावनाको अभ्यास कार्य भइरहेको ।

२) प्रत्येक महिनाको प्रथम शनिवारका दिन नियमित आउनु हुने सम्पूर्ण उपासक उपासिकाहरूलाई पुचको तर्फबाट भोजन दान कार्य निरन्तर भईरहे को छ ।

३) विहारको सहयोगमार्फत विहारसंगैको गल्ली बाटोमा जिर्णोद्धार तथा पुननिमार्ण कार्य गरिएको थियो ।

४) वैशाख पूर्णिमाको अवसर पारेर विहारका गुरुमाहरू मार्फत लाजिम्पात, कमलपोखरी क्षेत्रमा भिक्षाटन कार्य भयो ।

५) वैशाख पूर्णिमाको दिन विहारमा बुद्ध पूजा, धर्मदेशना ध्यान भावनाको अभ्यास संगै सम्पूर्ण उपस्थितिहरूलाई विहारको तर्फबाट क्षीर भोजन दान कार्य भयो ।

६) सोहि दिन पशुपति स्थित वृद्धाश्रममा रहनुभएका जेष्ठ नागरिक वृद्धवृद्धाहरूलाई गुरुमांहरूको तर्फबाट विस्कुट सर्वत आदि खाद्य सामाग्रीहरू वितरण गरिएको थियो ।

७) समयसमयमा अस्थायी रुपमा ऋषिनी, श्रामणेर प्रव्रज्या कार्यक्रम पनि सम्पन्न हुने गर्छ ।

८) गुँला एक महिना भरि विहारमा गुरुमांहरूको तर्फबाट बुद्ध पूजा धर्मदेशना तथा ध्यान भावना अभ्याससंगै ज्ञानमाला भजन कार्य सम्पन्न भयो ।

९) मंसिर महिनामा कमला गुरुमांको शुभ जन्मदिनको अवसरमा ५ दिनसम्म भन्ते गुरुमांहरूलाई भोजन दान प्रदान तथा अष्टपरिस्कार दान गरिएको थियो ।

१०) पद्म चैत्य विहार बुटवलमा रहनु हुने श्रामणेर कविन्दोलाई विश्व शान्ति विहारमा कमला गुरुमाँ करुणावती गुरुमां र ध्यानवती गुरुमां तीन जनाको संयुक्त सहयोगबाट दातामांको रुपमा उपसम्पदा कार्य सम्पन्न भयो ।

११) विहारको बार्षिक कार्यक्रम अनुसार गतवर्ष विभिन्न बौद्ध विहार तथा धार्मिक स्थल भ्रमणको क्रममा सम्पूर्ण उपासक उपासिकाहरूलाई बनेपा ध्यानकुटी विहार र नाला क्षेत्रमा भ्रमण गराइएको थियो ।

१२) फागुन महिनामा सम्पूर्ण युवा प्रव्रजित गुरुमांहरूलाई कमला गुरुमांको तर्फबाट ओवाद उपदेश अनुशासन गर्नु भएको थियो ।

यसरी पद्मकीर्ति विहारबाट गएको वर्ष भरिमा विभिन्न शासनिक कार्यहरू सम्पन्न भएका थिए ती सम्पूर्ण कार्यहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सम्पूर्ण दाताहरू उपासक - उपासिकाहरूलाई पद्मकीर्ति विहार परिवारको तर्फबाट धेरै साधुवाद एवं मंगल मैत्री कामना गरेको छ ।

*प्रस्तुती- ध्यानवती गुरुमां*



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति बसुन्धरा विहारको प्रगति विवरण

१) प्रत्येक तृतीया तिथीमा बुद्धपूजा र धर्मदेशना
२) एकदिवसीय ध्यान शिविर
३) ऋषिणी प्रव्रज्या कार्यक्रम सञ्चालन
४) परियत्ति शिक्षा सञ्चालन
५) गुँला महिनामा धम्म देशना
६) रक्तदान कार्यक्रम सञ्चालन

*प्रस्तुती- कुसुम गुरुमां*

## सुलक्षण कीर्ति विहारको प्रगति विवरण

१) प्रत्येक महिनाको २ पटक पारु को दिनमा बुद्ध पूजा र धर्मदेशना ।
२) निशुल्क स्वास्थ्य क्लिनिक संचालन ।
३) अग्नि पीडित व्यक्तिहरूलाई लुगा फाटो र कपडा सहयोग स्वरुप प्रदान गर्नको लागि पूर्व प्रधान मन्त्री माधव कुमार नेपाललाई उक्त सामान हस्तान्तरण ।
४) लम्जुङ्ग र रौतहटमा स्वास्थ्य शिविर सञ्चालन, बौद्ध शिक्षा सम्बन्धि प्रशिक्षण, र लत्ता कपडा वितरण ।
५) बौद्ध परियत्ति शिक्षा उत्तिर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण ।
६) २५५७ औं बुद्ध पूर्णिमा महोत्सवको उपलक्ष्यमा एक बस (४५ जना) यात्रीहरू लाई लुम्बिनि भ्रमण गराइएको ।
७) जामाचो मा बुद्धपूजा भ्रमण ।
८) साँखु बज्रयोगिनीमा बुद्ध चैत्य अगाडि बुद्ध पूजा
९) विभिन्न गाउँहरूमा धर्म प्रचार भ्रमण ।
१०) ताइवान, बर्मा, थाइलैण्ड र भारतमा धर्म प्रचार भ्रमण ।
११) काठमाडौंका अग्निपीडित जनताहरूलाई लत्ता कपडा वितरण ।

*प्रस्तुती- अनोजा गुरुमां*

## किम्डोल स्थित निर्वाणमूर्ति विहारको २०६९ सालको प्रगति विवरण

किम्डोल स्थित निर्वाणमूर्ति विहारबाट २०६९ मा सम्पन्न मुख्य मुख्य काम एवं समारोहको संक्षिप्त प्रगति विवरण निम्नानुसार रहेको छ –

बिगत २ दशक देखि विहारका संस्थापक धर्मचारी गुरुमाँको पुण्यतिथिसँग मिलाई प्रत्येक महिनाको कृष्ण त्रयोदशीका दिन सञ्चालन गरिआएको मासिक बुद्धपूजा तथा उपस्थित गुरुमां उपासक उपासिकाहरूलाई जलपान, भोजन दानको कार्यक्रम सम्पन्न भयो ।

अन्य पूजाको हकमा विगतका वर्षहरूमाझैं गत वर्ष पनि प्रत्येक महिनाको ७ गते आनन्दकुटीमा भिक्षु र हनुभएका भिक्षु महासंघलाई संघदान, महाथेरी गुरुमाँहरूको सम्मानमा महाथेरी पूजा, ज्येष्ठ पूर्णिमाका दिन महासमयसुत्त, बालाचर्तुदशीका दिन मेत्त सुत्त पाठ सम्पन्न गरी जलपान, भोजन तथा चीरवरदानको कार्यक्रमलाई निरन्तरता प्रदान गरियो ।

पूजाको सिलसिलामा विगत ७ वर्ष देखि पूज्य भिक्षुणी धम्मवती गुरुमाँको शुभजन्मोत्सवको उपलक्ष्यमा गुरुमांको सुस्वास्थ्य एवं आयु आरोग्यको कामना गरी २०६९ श्रावण महिनामा ३ दिनसम्म लगातार महापकरण पट्ठानपाली पाठको साथै धर्मदेशना, ज्ञानमाला, भजन, जलपान भोजनदानको कार्यक्रम सम्पन्न गरियो । नेपालमा दुर्लभ पट्ठानपाली पाठ कार्यक्रम प्रत्येक दिन ३०० देखि ४०० जवान उपासक उपासिकाहरू महापकरण एवं धर्मदेशना श्रवण गर्न उपस्थित थिए ।

यस वर्षको विशेष एवं उल्लेखनिय कार्यक्रम मध्ये २०६९ सालको पौष महिनामा यस विहारका प्रमुखद्वय मध्ये भिक्षुणी डा. मोलिनी गुरुमांलाई म्यानमार सरकार बाट बुद्धशासनमा उच्च सम्मानित “गण्थवाचक पण्डित” को उपाधीबाट विभुषित गरिएको र अर्को विहार प्रमुख भिक्षुणी डा. धम्मविजया गुरुमां प्रव्रजितभएको २५ वर्षको उपलक्ष्यमा गुरुमाँद्वयलाई विहारका सम्पूर्ण उपासक उपासिकाहरूको तर्फबाट भव्य समारोहका बिच अभिनन्दन गरियो। उक्त समारोहका मुख्य अतिथि विज्ञान प्रविधि तथा संस्कृती मन्त्री माननिय डा. केशवमान शाक्यज्यूबाट प्रमाणपत्र एवं उपहार हस्तान्तरण गरियो । उक्त समारोहमा उपस्थित करिब ४०० जवान सहभागीहरूलाई उक्त अवसरमा प्रकाशित स्मारिका तथा उपासकद्वय अमृतमान ताम्राकार र स्वयम्भुरत्न तुलाधर बाट प्रायोजित महापरिनिर्वाणमूर्तिको ठूलो साइजको पोष्टर वितरण गरियो ।

विहारको लागि यस वर्ष अर्को अति हर्षको विषय यसै वर्षको अन्ततिर विहार प्रमुख भिक्षुणी डा. धम्मविजया गुरुमाँलाई पनि म्यानमार सरकारको तर्फबाट उहाँका



Downloaded from http://www.dhamma.digital

सहयात्री डा. मोलिनी गुरुमाँलाई सरह "गन्थवाचक पण्डित"को उपाधिबाट विभूषित गरियो ।

२०६९ सालको चैत्र महिनामा पूज्यगुरु महासी सयादोद्वारा लिखित नेपालका उपसंघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूद्वारा नेपालीमा अनुवादित पुस्तक "कथावस्तुद्वारा उपदेशित गन्थ"को विहार प्रमुख भिक्षुणी डा. धम्म विजया गुरुमाँबाट प्रकाशित गरि बिमोचन पश्चात् निःशिुल्क वितरण गरियो ।

विहारको भौतिक निर्माणको हकमा यस वर्ष दाता पञ्चवीर सिं तुलाधरज्यूबाट विहारको धम्महलको भित्तामा १०८ भैषर्ज्य तथागतको प्रतिमा स्थापना गर्ने कार्य सम्पन्न भयो ।

विहारको विभिन्न कृयाकलाप मध्ये यसवर्ष १०० जना नयाँ आजीवन सदस्यहरूले प्रवेश गरि आजीवन सदस्यहरूको संख्या जम्मा ३५० जना पुगेको छ भने विशेष सदस्यहरूको संख्या २९ जना पुगेको छ। स-साना किशोरीहरूलाई पहिला ऋषिणी पछि प्रव्रजित गुरुमां गर्ने सिलसिलामा यसवर्ष थप ५ जना किशोरीहरूलाई प्रव्रजित गराई विद्यालयमा समेत भर्ना गर्ने कार्य भयो ।

## धर्मकीर्ति Public Image Committee को प्रगति विवरण

### CD प्रकाशन

१) वि.सं. २०६९ सालमा सुत्तपुचः DVD प्रकाशन दाता – चमेली गुरुमां

२) वि.सं. २०७० सालमा अभिधर्म DVD प्रकाशन दाता – सिद्धार्थमान, डा. सुमनकमल तुलाधर, ३१ भाग । मूल्य रु. २०००/–

३) धर्मकीर्ति ज्ञानमाला र पब्लिक इमेज कमिटीको संयुक्त आयोजनामा धर्मकीर्ति ज्ञानमाला भजन नेपाल भाषा र नेपाली भाषामा भाग ३ र ४ प्रकाशन ।

*प्रस्तुती- पञ्ञावती गुरुमां*

## धर्मकीर्ति भजन खलःको कार्य प्रगति विवरण

*२०७० वैशाख २१ गते –*

ज्ञानमाला भजन स्वयम्भूको व्यवस्थापनमा छैठौं बौद्ध संगीत जागरण कार्यक्रममा ४६ वटा ज्ञानमाला भजन समूहहरूले भाग लिएका थिए । इतुम्वहालमा सञ्चालित उक्त कार्यक्रममा धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन समूहले भजन प्रस्तुत गरी उत्कृष्ट पुरस्कार हासिल गर्न सफल भएको थियो ।

जोगिनी मन्दिर भ्रमण गर्ने कार्यक्रम अनुसार विजेश्वरी, फर्पिङ्ग, गुह्येश्वरी आदि मन्दिरहरूमा स्थापित भगवान् बुद्ध मूर्ति अगाडि बुद्ध, धर्म र संघ गुणानुस्मरण गरी बुद्ध पूजा गरिएको थियो ।

धर्मकीर्ति ज्ञानमाला भजन समूहलाई "म्हेपि उत्कृष्ट पुरस्कार" प्राप्त भएको उपलक्ष्यमा म्हेपिमा भन्ते गुरुमांहरूको तर्फबाट बुद्ध पूजा, परित्राण पाठ र धर्मदे शना कार्यक्रम सञ्चालन गरिएको थियो ।

पूज्य धम्मवती गुरुमांको ८० वर्षिय जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति भजनमाला CD भाग ३ र ४ भागलाई पूज्य धम्मवती गुरुमांको तर्फबाट विमोचन गरिएको थियो ।

## धर्मकीर्ति ज्ञानमाला भजन आयविवरण

### कुवेर मर्चेन्ट फाइनान्स लि.

मखन, काठमाडौं

मु.खा.नं. ०३३१०००८९० मा रु. ५०,०००/–

१) बुद्धरत्न महर्जन, टेकू – रु. ३०००/–
२) भाइराजा साहु, जमोबहाल – रु. १०,०००/–
३) धम्मविजय गुरुमां, किम्डोल – रु. १०,०००/–
४) अनिता शाक्य, कथिन – रु. २,५००/–
५) लक्ष्मीनानी, ङत पुचः कथिन – रु. ५,०००/–
६) सुवर्णकेशरी, जमोबहाल – रु. ३,०००/–
७) चमेली गुरुमां, धर्मकीर्ति विहार – रु. ३,०००/–
८) जीवनरत्न स्थापित - रु. १,०००/–
९) माणिकलक्ष्मी तुलाधर – रु. ४,०००/–
१०) जयवागेश्वरी, दिनेश – रु. २,०००/–
११) कमलशोभा, दानकेशरी, हरिवदन, तिर्थदेवी, चिनीयादेवी – रु. २,५००/–
१२) बुद्ध विहार, ज्ञा. उपाध्यक्ष जुजुभाई शाक्य – रु. २,७००/–

**जम्मा रु. ४,८७००/–**

- १,५०,०००/– लिकया इलिट बैंकय् ।
- रु. २,००,०००/– तयागु खः ।
- कुवेर मर्चेन्ट फाइनान्स लि. बैंक ब्याज – रु. २४,५८७७२

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध मासिक
## नाफा नोक्सान हिसाब
२०६९ बैशाख देखि चैत्र मसान्त सम्म

| क्र.सं. | खर्च | रकम | क्र.सं. | आम्दानी | रकम |
|---|---|---|---|---|---|
| १ | कागज खर्च | ११६,८५६।९८ | १ | ग्राहक शुल्क | १०१,०००।०० |
| २ | छपाई खर्च | १२२,०४०।०० | २ | विज्ञापन आम्दानी | ४८,४५९।५० |
| ३ | मशलन्द खर्च | २,६६७।०० | ३ | ब्याज प्राप्त | ११५,५२१।८४ |
| ४ | हुलाक खर्च | ९,८७९।०० | ४ | दान वा चन्दा | ४,०००।०० |
| ५ | ढुवानी खर्च | ३,९००।०० | ५ | पत्रिका बिक्री | ३२०।०० |
| ६ | कार्यालय खर्च | ६,१४९।०० | ६ | नपुग रकम पूँजीमा घटाएको | – |
| ७ | फुटकर खरिद | १,९४०।०० | | | |
| ८ | विशेष सदस्य फ्रेम | २,३००।०० | | | |
| ९ | बाँकी रकम पूँजीमा सारिएको | ३,५६९।३६ | | | |
| | **जम्मा** | **२६९,३०१।३४** | | **जम्मा** | **२६९,३०१।३४** |

# धर्मकीर्ति बौद्ध मासिक
## वासलात
२०६९ चैत्र मसान्त सम्म

| क्र.सं. | खर्च | रकम | क्र.सं. | आम्दानी | रकम |
|---|---|---|---|---|---|
| १ | पूँजी | ९६७९३६।३७ | १ | नेपाल बैंक लि., कान्तिपथ | १९,२१८।२० |
| २ | विशेष सदस्य | ४४,१५०।०० | २ | नेपाल बैंक लि., क्षेत्रपाटी | १४,५७६।२५ |
| ३ | बाँकी रकम पूँजीमा सारिएको | ३,५६९।३६ | ३ | मुद्दती खाता | ८००,०००।०० |
| | | | ४ | सि.एम.वि. फाइनान्स | १७७,२९१।२८ |
| | | | ५ | कागज मौज्दात | – |
| | | | ६ | सानो नगदीकोष | ३,५७०।०० |
| | | | ७ | धरौटी | १,०००।०० |
| | जम्मा | १,०१५,६५५।७३ | | जम्मा | १,०१५,६५५।७३ |

*प्रस्तुती- चिनीकाजी महर्जन*




Downloaded from http://www.dhamma.digital

## बि.सं. २०६९ श्रावण देखि २०७०असार मसान्तसम्म धर्मकीर्ति स्वास्थ्य कमिटीबाट भएको खर्च-आम्दानी विवरण यसप्रकार छ –

### रकम निकासा (आम्दानी)

| | | |
|---|---|---|
| १ | रोयल मर्चेन्ट बैकिङ्क एण्ड फाइनान्सबाट चे.नं. २०८९०३ (१४।५।२०६९) | रु. ३८०००।०० |
| २ | रोयल मर्चेन्ट बैकिङ्क एण्ड फाइनान्सबाट चे.नं. २०८९०४ (१६।९।२०६९) | रु. ५०,०००।०० |
| ३ | रोयल मर्चेन्ट बैकिङ्क एण्ड फाइनान्सबाट चे.नं. २०८९०५ (२८।३।२०७०) | रु. ६३२०।०० |
| | **जम्मा** | **रु. ९४,३२०।००** |
| | **बिरामी दर्ता शुल्कबाट** | **रु. ९,०७०।००** |
| | **जम्मा** | **रु. १०३,३९०।००** |

### खर्चतर्फ

| | | |
|---|---|---|
| १ | औषधि खरिद | रु. ९६७२।०० |
| २ | उपचार खर्च (अश्वघोष भन्ते) | रु. ५५००।०० |
| ३ | अतिथिसत्कार (BLK टीम) | रु. १६५०।०० |
| ४ | उपहार खरिद | रु. ३५५०।०० |
| ५ | यातायात खर्च (चिकित्सक) | रु. ३४००।०० |
| ६ | अकुपञ्चर शिविर (एक हप्ता) | रु. २२५००।०० |
| ७ | धम्मवती गुरुमां उपचार कोषय् जम्मा | रु. ५०,०००।०० |
| ८ | पुरानो वक्यौता चुक्ता | रु. ६७३४।१२ |
| | **जम्मा** | **रु. १,०३,००६।००** |
| | **नगद बााकी** | **रु. ३८३।८८** |
| | **कूल जम्मा** | **रु. १,०३,३९०।००** |

*प्रस्तुती- रोशनकाजी तुलाधर*

> **"चारैतिर आगो दन्दनी बलिरहेको छ। कसरी हाँस्ने र कसरी आनन्द लिने ? अन्धकारले चारौंतर्फ घेरिसकेको छ। तैपनि तिमी आलोक किन खोज्दैनौं ? – धम्मपद**



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार संरक्षणकोषया २०७०।४।१२ गते झिंगुंगू वार्षिकसाधारण सभास कोषया सचिव मीना तुलाधर पाखें प्रस्तुत याना दीगु २०६९।७० या वार्षिक प्रतिवेदन

*२०७० श्रावण १२ गते*

बि.सं. २०६९ साल वर्षभरि ११ औं कार्यकारिणी बैठक व थौं २०७० श्रावण १२ गते वार्षिक साधारण सभा सम्पन्न जुल ।

धर्मकीर्ति विहार संरक्षण कोषया रु. ५०,०००।– नगद जम्मा याना दीपिं श्रद्धालु दातापिन्त साधुवाद पत्र लःल्हाय्गु २०६९ साल श्रावण २१ गते च्वंगु बैठकं निर्णय याःगु जुल । धम्मवती गुरुमां पाखें वसपोलया मां हिराथकुं शाक्ययानामं प्रत्येक वर्ष पात्र प्रकाशन याय्त व वस्पोलया मां हिराथकुं व अबु हर्षमान शाक्यया गुणानुस्मरण यासे पत्येक वर्ष भोजन याकेत धर्मकीर्ति विहार संरक्षण कोषया अन्तर्गत Express Saving and Credit रु. ५,००,०००।– (पाँचलाख नगद जम्मा याना बिज्यागु जुल । थौं झीसं कोष निर्माण यानागु कथं वस्पोलंयात साधुवाद पत्र लल्हाय्गु ज्या जुइतिनि ।

२०६९ साल आश्विन २० गते शनिवार अध्यक्ष गुरुमांयात स्वाथ्योपचार याना दीपिं B.L. Kapoor Memorial Hospital या डा. रङ्गाराव, डा.अमित अग्रवाल व सञ्जय नेगिलज्यू पिन्त धर्मकीर्ति विहारे स्वागत याय्गु ज्या सुसम्पन्न जुल व वयकःपिनि पाखें धम्मवती गुरुमांयात स्वास्थ्य परीक्षण लगायत अन्य बिरामी पिन्त स्वास्थ्य परीक्षण याय्गु ज्या जुल । बिरामी पिन्त स्वास्थ्य परीक्षण याय्गु ब्यवस्था धर्मकीर्ति स्वास्थ्य कमिटी पाखें आयोजना याःगु जुल । डाक्टर पिन्त भोजन व औषधो पचार निसें सम्पूर्ण खर्च धर्मकीर्ति स्वास्थ्य कमिटी पाखें ब्यहोरे यानादीगु खः ।

थुगु वर्षे अध्यक्ष धम्मवती गुरुमां स्वास्थ्य परीक्षणया लागि B.L. Kapoor Memorial Hospital निकः बिज्यागु जुल । न्हापांगु पटक २०६९ श्रावण २८ गते Delhi २०६९ आश्विन १ गते काठमाडौं लिहाँ बिज्यागु खः । अध्यक्ष गुरुमांयात हवाइ टिकट या खर्च डा. सुमन कमल तुलाधर ज्यू ब्यहोरे याना दीगु खःसा सुजाता शाक्य सुवण्णवती गुरुमां व नविन चित्रकारयागु हवाइ टिकट ब्यवस्था यासें गुरुमांया स्वास्थ्योपचार या सम्पूर्ण खर्चयालागि श्रद्धालु दाता द्रव्यमान सिं तुलाधरं IC ७०,०००।– प्रदान यानादीगु खः । गुरुमांया फुक्कं केमोथेरापीया खर्च उपाध्यक्ष साहु द्रव्यमान सिं तुलाधर ज्यू प्रदान यानादीगु खः । अध्यक्ष गुरुमां पाखें Delhi झापिं सकसित बसोबास व अन्य खर्चया लागि IC १,५५,०००।– (एकलाख पचपन्न हजार) प्रदान याना बिज्याःगु खः ।

थुगुसीया दोस्रो पटक अध्यक्ष गुरुमां Delhi स्वास्थ्योपचार या लागि २०६९ पुष २२ गते B.L. Kapoor Memorial Hospital बिज्यानाः पुष २९ गते वस्पोल लिहाँ बिज्यागु खः । गुरुमांया साथै सुवण्णवती गुरुमां व नविन चित्रकार झाःगु खः । वयकःपिं फुकसिगु टिकटया ब्यवस्था व बास च्वनेगु खर्च धम्मवती स्वास्थ्य कोष पाखें ब्यहोरे याःगु खः ।

रत्नमञ्जरी गुरुमां मदुगु ६ वर्षया तिथिया स्मरण यासे न्हयावलें थें थुगुसीनं २०६९ कार्तिक ११ गते त्रयोदशी शनिवार दिनस गुरुमां पिनिपाखें न्हिच्छियंकं महापरित्राण पाठ सुसम्पन्न जुल । वसपोलं थः जीवित अवस्थाय् धर्मकीर्ति संरक्षण कोषया १,५०,०००।– दाँ तया बिज्यागु खः । उगु ज्याः भ्वःया लागि पुलाँपुचः धर्मकीर्ति पाखें जलपान प्रायोजन यानादीगु खः । भोजन धर्मकीर्ति विहार पाखें याका दीगु खः ।

धर्मकीर्ति स्वास्थ्य कमिटीया संयोजक, समाज सेवी, करुणाया अवतार, सिष्टर तारादेवी तुलाधर २०६९ मंसीर १२ गते दिवंगत जुल । वयकःयागु गुणानुस्मरण यासें २०६९ साल पौष १३ गते शुक्रवार बुद्धपूजाया दिनस सकल गुरुमापिं व उपासक उपासिकापिसं वयकःया निर्वाण लाभ ज्वीमा धकाः कामना यासे श्रद्धाञ्जली सभा याःगु जुल ।

धर्मकीर्ति विहारय् स्थायी रुपं च्वना बिज्याःपिं गुरुमांपिं विश्व शान्ति विहारया थेरवाद बुद्धिष्ट अध्ययन याना बिज्याना च्वंपिं क्षान्तिवती गुरुमां यागु Admission



Downloaded from http://www.dhamma.digital

Fee व Monthly Fee श्रद्धालु दाता दान केशरी शाक्यं प्रदान यानादीगु दुसा शुभवती गुरुमांयागु Monthly Fee श्रद्धालु दाता मदनरत्न मानन्धरज्यूं प्रदान याना दीगु दु ।

धम्मवती गुरुमांया स्वास्थ्योपचारया लागि धर्मकीर्ति स्वास्थ्य कमिटी अन्तर्गत धम्मवती स्वास्थ्योपचार कोष खडा याय्गु २०६९ मंसीर ३ गते आइतवार जूगु कार्यकारिणी बैठकय् निर्णय जूगु अनुसार धम्मवती स्वास्थ्योपचार कोषया नामं Grand Bank २०६९ पौष ६ गते खाता खोले याय्गु ज्या जुल ।

धर्मकीर्ति विहारे बराबर मर्मत याय्गु ज्याया निम्ति मर्मत तथा सम्भारया कमिटी गठन याय्त २०७० आषाढ ६ गते च्वंगु कार्यकारिणी बैठकं निर्णय जूगु जुल । उगु कमिटीया संयोजक विद्यासागर रञ्जित नियुक्त याय्गु नं निर्णय जुल ।

रीया प्रोडक्सन पाखें धम्मवती गुरुमांया जीवने आधारीत बौद्ध अडियो फिल्मया लागि २०७० श्रावण २ गते च्वंगु कार्यकारिणी बैठक भिडियो फिल्म दयकेत अनुमति बीगु ज्या नं जुल ।

धम्मवती गुरुमांनं धर्मदेशना याना बिज्यागु अभिधम्म CD प्रकाशनया विमोचन २०७० श्रावण ६ गते आइतवार धर्मकीर्ति विहारे सम्पन्न जूगु जुल । उकिया लागि १ लाख ५० हजार खर्च जूगु मध्ये १ लाख सिद्धार्थमान तुलाधर व डा. सुमनकमल तुलाधर पाखें प्रदान याना दीगु खः । मगागु ५० हजार धर्मकीर्ति विहार संरक्षण कोष पाखें त्याय (सापटी) बियाः उगु CD प्रकाशन जूगु जुल ।

धर्मकीर्ति विहार संरक्षण कोषया अध्यक्ष श्रद्धेय धम्मवती गुरुमांया ८० औं जन्म दिंया लसताय् धर्मकीर्ति विहारया धम्महलय् २०७० श्रावण २ गते निसें ९ गते तक भिक्षु महासंघ पाखें परित्राण पाठ व धम्मदेशना, महायानी लामा गुरु पाखें पाठ व बज्रयानी गुरुजु व गुरुमांजु पाखें पाठ याय्गु ज्या झःझः धायेक क्वचाःगु जुल । थुगु अभिधम्म पाठ निरन्तर रुपं सञ्चालन याय्गु लागि गुरुमां नं धर्मकीर्ति विहार संरक्षण कोषय् रु. ५ लाख नगद दुथ्याका बिज्यागु खः ।

थुगुसी परीयत्ति शिक्षाया जाँचय् उत्तीर्ण जूपिन्त २०७० ज्येष्ठ २५ गते शनिवार दिनसं ५८ जना विद्यार्थी पिन्त पुरस्कार वितरण जुल । थुकी जलपान या प्रायोजक मीना तुलाधर खः ।

२०७० बैशाख २७ गते गुरुमांयात स्वास्थ्योपचार याना दिइपिं Delhi स्थित B.L. Kapoor Hospital या डा. रङ्गा राव टीमपिंसं गुरुमांयात धर्मकीर्ति विहारे स्वास्थ्य परीक्षण यानादिल । साथय् अन्य बिरामीपिन्त नं स्वास्थ्य परीक्षण याय्गु ज्या जुल ।

किम्डोलस्थित विहारय् धर्मकीर्ति स्वास्थ्य केन्द्र योजना कार्य प्रगति सकारात्मक जुया च्वंगु जानकारी बियाच्वना । थुकिया सम्पूर्ण विवरण धर्मकीर्ति स्वास्थ्य केन्द्र कमिटीया सदस्य नविन चित्रकारं बिया दिइतिनि ।

धर्मकीर्ति संरक्षण कोषया वार्षिक नविकरण जुइ धुंकूगु अवगत याना च्वना । धर्मकीर्ति विहार संरक्षण कोषया बिशेष सदस्य संख्या २३ व आजीवन सदस्य संख्या ४७९ जम्मा ५०२ सदस्यज्यूपिं २०७० साल श्रावण १२ गते तक दुगु जुल ।

अध्यक्ष गुरुमां थप स्वास्थ्य परीक्षणया लागि कन्हे २०७० श्रावण १३ गते B.L. Kapoor Hospital बिज्याय्गु जुयाच्वंगु दु । वस्पोल नाप सुवण्णवती गुरुमां, नन्दावती गुरुमां व नविन चित्रकार नं झाइगु खः । गुरुमांया हवाइ टिकट डा. सुमन कमलं प्रायोजन यानादीगु खः । सुवण्णवती गुरुमां, नन्दावती गुरुमां व नविन चित्रकार यात हवाइ टिकट उपाध्यक्ष द्रव्यमान सिं तुलाधर ज्यूं प्रायोजन याना दीगु खः ।

विशेष प्रस्ताव :

साविक लेखा परिक्षक भाजु श्यामलाल चित्रकार जुयात हे आ.ब. २०६९।७० यागु लेखा परिक्षण नियुक्त याना दीत इनाप यासें लेखा परिक्षण वापत पारिश्रमिक नं कोछीत इनाप यानाच्वना ।

**"मुर्खहरूले आफैलाई सत्रु बनाएर पाप कर्म गर्छन् । त्यही पाप कर्मको कटु फल पछि आफै लाई प्राप्त हुनेछ ।" –धम्मपद**



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया वार्षिक प्रतिवेदन

*प्रस्तुती- लोचनतारा तुलाधर*

बि.सं.२०६९ या धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया कार्यक्रम थुकथं जुल–

बि.सं. २०६९ बैशाख २४ गते आइतवार बैशाखपुन्ही कुन्हु न्हिनय् ४:०० बजेनिसें थुकथं ज्याभ्वः जुल– ध्यान, बुद्ध पूजा, प्रवचन व दीपावली । थुकिया संयोजक कमला बज्राचार्य खः । बैशाख महिना ज्वःछिया शनिवार पतिकं मचातय्‌त चित्रकला व लेखन कलाया तालिम बीगु ज्याभ्वः जुल । धम्मानुशासक पूज्य अश्वघोष महास्थविरया ८६ चय्‌खुक्कःगु बुन्हिया लसताय् बाल चित्रकला व लेखनकला प्रतियोगिता सम्पन्न जुल । ज्येष्ठ १३ गते ज्याभ्वलय् चित्रकलाय् ३१ म्ह, लेखन कलाय् ८ म्ह मचातसें भाग काल । संयोजक क्षान्तीवती गुरुमां खः । चित्रकलाया विषय 'कर्मफल' तःगुलिइ निर्णायक जुयादीपिं भिक्षु उत्तमो, प्रशन्नकाजी ताम्राकार व चन्दा श्रेष्ठ खः । लेखनकलाया विषय ब्यवहारिक जीवनय् पञ्चशीलया महत्व, निर्णायक जुया दीपिं कुसुम गुरुमां, सुरेश किरण मानन्धर व रीना तुलाधर खः । निगुलिं प्रतियोगिताय् प्रथम, द्वितीय, तृतीय व सान्त्वना त्याकादीपिं – चित्रकलाय् प्रसन्न डंगोल, सोनिया प्रजापति, सृष्टिना महर्जन व प्रज्ञान नकर्मि । लेखनकलाय् सम्यक ताम्राकार, शिष्या चित्रकार, रजत मानन्धर व सुमन्ति वैद्य खः । बाल चित्रकला प्रतियोगिताया पुरस्कार प्रायोजक ताराकेशरी ढुङ्गाना जुया दीगु खः । पुरस्कार वितरण ज्याभ्वः ज्येष्ठ २० गते शनिवार जूगु खः गुकिया संयोजक सरोज मानन्धर खः ।

असार २ गते प्रव्रज्या दिवस ध्यानकुटी विहारे सम्पन्न जुल । विकासरत्न तुलाधर संयोजक जुया दीगु उगु ज्याभ्वले भिक्षु अश्वघोष महास्थविरया विषये रीना तुलाधर, पूज्य धम्मवती गुरुमांया विषये अगम्यरत्न कंसाकार, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया दुजःपिं बरदेश मानन्धर बारे अनिल कृष्ण जोशी, प्रकाश बज्राचार्यया बारे अरुणसिद्धि तुलाधर अथेहे मदनरत्न मानन्धरया बारे इन्द्रकुमार नकर्मी न्ववानादीगु खः । ज्याभ्वःया समिक्षा लोचनतारा तुलाधरं यानादिल ।

असार १९ गते मंगलवार गुरु पूजा ज्याभ्वः सुमित्रा मानन्धरया संयोजकत्वय् जुल । पूज्य धम्मवती गुरुमांया अध्यक्षताय् पूज्य अश्वघोष भन्तेया प्रमुख आतिथ्ये भन्ते गुरुमांपिन्त दान प्रदान कार्यक्रम जुल । थ्वकुन्हु रीना तुलाधरं च्वयादीगु 'गुरु दक्षिणा' सफू विमोचन जुल नापं वितरण नं जुल ।

पूज्य धम्मवती गुरुमांया ७९ क्वःगु बुदिंया लसताय् छन्हुया निम्न माध्यमिक विद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न जुल । न्यागू विद्यालय पाखें भाग काःगु उगु कासाय् शान्ति शिक्षा मन्दिर माध्यमिक विद्यालय न्हापं जुइत ताःलाःगु खः । अथेहे जगतसुन्दर मा.वि., प्रभात मा.वि., कान्ती इश्वरी मा.वि., कन्या मन्दिर उच्च मा.वि. छसिं निसें ल्यू, लियांल्यू व सान्त्वना पुरस्कार त्याका दीगु स्कूलत खः । अम्बिका श्रेष्ठया संयोजकत्वय् जूगु उगु ज्याभ्वःया सिरपाः प्रायो जन यानादीपिं श्यामलाल चित्रकार, रसुवन्ती कंसाकार, मोहिनी तुलाधर, तृप्ति ताम्राकार व प्रसन्नकाजी ताम्राकार पिं खः ।

२०६९ मंसिर ३० गते सरोज मानन्धरया संयोजकत्वय् करुणा मानन्धरं मिठाई दयेकेगु तालिम बियादिल । नीन्याम्ह (२५) प्रशिक्षार्थी पिसं ब्वति काःगु उगु तालिमय् बरांया केक दयेकेगु स्यनादीगु खः ।

झिनिक्वःगु अल्पकालीन श्रामणेर व ऋषिणी प्रव्रज्या शिविर पौष १९ निसें २७ गते तक रत्नविपश्यना विहार सानो भऱ्याङ्गय् न्ह्यात । उगु ज्याभ्वलय् गुम्ह (९ जना) श्रामणेर व स्वीम्ह (३० जना) ऋषिणी जूगु खः । ज्याभ्वःया संयोजकपिं इन्दावती गुरुमां अमीरकुमारी शाक्यपिं खः ।

थुगु दँया वार्षिक सभा रामकुमारी मानन्धरया संयोजकत्वय् २०६९ चैत्र १७ गते शनिवार शाक्यमुनि कीर्ति विहार, सतुंगलय् सम्पन्न जुल । थुगुसीया वार्षिक भेला "धर्मकीर्ति अश्वघोष सम्मान" व "धर्मकीर्ति धम्मवती सम्मान" नांगु निगू सम्मान नीस्वंगु जुल । गुकिया प्रायोजक रीना तुलाधर जुया दीगु खः । थुगुसीया "धर्मकीर्ति अश्वघोष सम्मान" बरदेश मानन्धर यात व "धर्मकीर्ति धम्मवती सम्मान" मीना तुलाधर यात ब्यूगु जुल । थुगु सम्मान धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया दुजः जुयाः थीथी इलय् कथंया कार्यक्रमय् विशेषकथं योगदान बिया दीपिं मिजं छम्ह व मिसा छम्हयात बीगु याःगु खः ।



Downloaded from http://www.dhamma.digital

# धर्म प्रचार — समाचार

## गण महाविहारको ५० औं वार्षिकोत्सव सम्पन्न

*२०७० श्रावण २४ गते*

*स्थान- गण महाविहार*

बि.सं. २०२० सालमा पूजनिय भिक्षु सुदर्शन महास्थविरबाट स्थापित ऐतिहासिक गणमहाविहारको ५० औं वार्षिक उत्सव "स्वर्ण जयन्ती" को सुखद् उपलक्ष्यमा भिक्षु सुदर्शन एवं अन्य दिवंगत भन्तेहरूको गुणानुस्मरण गरिएको समाचार प्राप्त भएको छ ।

गणमहाविहार र भिक्षु सुदर्शन महास्थविरको परिवारहरूको संयुक्त आयोजनामा सञ्चालित उक्त कार्यक्रम संघनायक भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा एवं श्रीलंकाका राजदूतको विशेष आतिथ्यमा सम्पन्न गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि भिक्षु अश्वघोष महास्थविरले प्रवचन गर्नुभएको थियो ।

## भिक्षु अमृतानन्द महास्थविरको २३ औं गुणानुस्मरण दिवस

*२०७० भाद्र ५ गते*

यसदिन भिक्षु मैत्री महास्थविरको सभापतित्वमा र संघनायक भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथित्वमा पूज्य अमृतानन्द महास्थविरको २३ औं गुणानुस्मरण दिवस भव्यताकासाथ सम्पन्न भएको समाचार प्राप्त भएको छ ।

उक्त अवसरमा प्रा. सुवर्ण शाक्य, धर्मोदय सभाका महासचिव रत्नमान शाक्य, अखिल नेपाल भिक्षु महासंघका महासचिव भिक्षु कोण्डञ्य, श्रीलंकाका महामहिम राजदूत र बौद्ध महिला संघका प्रतिनिधिहरूले भिक्षु अमृतानन्दको बहुआयामिक व्यक्तित्व बारे बोल्नुभएको थियो । अन्त्यमा भिक्षु मैत्रीले आफ्नो मन्तव्य व्यक्त गर्नुभई सभा विसर्जन गर्नु भएको थियो ।

अन्त्यमा आनन्दकुटी विहारको तर्फबाट र उपासकोपासिकाहरूको तर्फबाट भन्ते, गुरुमांहरूलाई यथाश्रद्धा दानप्रदान कार्यक्रम सम्पन्न भएपछि उपस्थिति सबैलाई जलपान भोजनको व्यवस्था पनि सम्पन्न भएको थियो ।

## सुत्त निपात ग्रन्थ विमोचन

*२०७० भाद्र १ गते*

यसदिन सुवर्ण शाक्यको सभापतित्वमा र संघनायक भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा सुत्त निपात ग्रन्थ विमोचन गरिएको समाचार प्राप्त भएको छ ।

कविर कुमार बज्राचार्यद्वारा अनुवादित एवं प्रा. सुवर्ण शाक्यले सम्पादन गर्नुभएको उक्त पुस्तक प्रमुख अतिथी भिक्षु अश्वघोष महास्थविरले विमोचन गर्नुभएको थियो । उक्त कार्यक्रममा कविर कुमार बज्राचार्य, भिक्षु भद्दिय, भिक्षु अश्वघोष प्रा. सुवर्ण शाक्यले प्रवचन दिनुभएको थियो ।

## अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रलाई जग्गा दान

*२०७० भाद्र २२ गते*

धर्म नर सिंह शाक्य, चन्द्रदेवी शाक्य सपरिवार नकबहीको तर्फबाट अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रलाई जग्गा दान दिएको उपलक्ष्यमा दाता परिवारले विश्व शान्ति कामना गरी भिक्षु महासंघको तर्फबाट एकदिने महा परित्राण पाठ कार्यक्रम सम्पन्न गराई पूण्य सञ्चय गर्नुभएको समाचार प्राप्त भएको छ ।

## वार्षिक उत्सव व प्रेरणा पुरस्कार वितरण उत्सव

*२०७० भाद्र ५ गते*

नेपाया संघनायक भिक्षु अश्वघोष महास्थविरया प्रमुख अतिथित्वय् शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालयया वार्षिक उत्सव व प्रेरणा पुरस्कार वितरण समारोह भव्यरुपं सम्पन्न जूगु समाचार दु ।

उगु समारोहे पदक तथा पुरस्कार वितरण याना दीपिं बिज्यापिनिं नां थुकथं उल्लेख जुयाच्वंगु दु– संघनायक भिक्षु अश्वघोष महास्थविर, धर्मपाल महास्थविर, धर्मगुप्त महास्थविर, बुद्धिराज बज्राचार्य, बेखारत्न शाक्य, आर.बी बन्द्य, मोतिलाल शिल्पकार आदि ।

भिक्षु धर्मपाल महास्थविरया सभापतित्वय् समारोह सम्पन्न जूगु खः ।

पुरस्कार प्राप्त यापिं व्यक्तिपिं सच्छिं मयाक्क दु ।



Downloaded from http://www.dhamma.digital

## दान गरेको आँखाको सफल प्रत्यारोपण

नगदेश बौद्ध समूह र धर्मोदय सभा, मध्यपुर थिमि नगर शाखा, नगदेशका श्रद्धेय अध्यक्ष उपासक न्हुच्छे कुमार सिंकेमन गत भाद्र ९ गते ८० वर्षको उमेरमा देहावसान हुनु भएकोले उहाँको दुवै आँखा तिलगंगा आँखा केन्द्रका सहयोगी कल्याण मित्र शंख नारायण त्वायनाको हस्ते दान गरिएको समाचार छ।

उक्त दान गरेको आँखा मध्ये एउटा आँखा छिमेकी मुलक "भुटान" निवासी ४६ वर्षीय "अधिकारी" थरका प्रौढ व्यक्तिलाई सफल प्रत्यारोपण गरियो भने अर्को आँखा काठमाडौं उपत्यकाकै एउटा गाउँ-सानो गाउँ निवासी ३६ वर्षिय "उल्लक दास" थरका युवकलाई सफल प्रत्यारोपण गरेको कुरा बुझिन आएको छ।

## स्वक्वःगु ज्ञानमाला निरीक्षणभ्रमण

वंगु सनिवाः "स्वक्वःगु ज्ञानमाला निरीक्षण भ्रमण"निरन्तरता विइकथं त्रिरत्न कीर्ति विहार-समग्र ज्ञानमाला भजन खलः गूतँपौ त्वाः , कीर्तिपुरय् तःजिक क्वचाःगु दु।

ने.रा.ज्ञान.स. या नायः भाजु प्रा.सुवर्ण शाक्यजुया नायःसुई न्ह्याःगु ज्याभ्वलय् समितिया व भजन खलःया म्हसिका बिइगु ज्या जुल। समग्र ज्ञानमाला जः मय्जुपिंपाखें स्वपु भजन न्यंकेगु ज्या जुल।

समितिया नायः भाजु प्रा.सुवर्ण शाक्यजुं "निरीक्षण भ्रमण या ताः (=उद्देश्य) व आःतकया भ्रमण उपलब्धी बारे खँ ध्वाथ्वीक कना बिज्याःगु जुल।

देय् न्यंकया ज्ञानमाला भजन खलः पिं नाप अन्तर क्रिया सहलह सुझाव कालबिल यायेगु भ्वलय् निरीक्षण भ्रमण पाखें खलःया यथास्थितिया जानकारी, समस्या निराकरण नापं भावी ज्याभ्वः गज्यागु यानाः ज्ञानमाला भजनयात राष्ट्रिय स्तरया भजन तगिमय् स्थापना यायां वनेगु धइगु बारे खँ आदान प्रदान जूगु जुल। युवा पुस्तायात भजनय् आकर्षित यायेगु ज्याभ्वः यानाः न्ह्याः वनेमाःगु खँय् विशेष बः बिउगु जुल।

ने.रा.ज्ञा.स. या मध्यमाञ्चल उपाध्यक्ष, समग्र ज्ञानमालाया नायः, त्रिरत्न कीर्ति विहार प्रमुख भाजु जुलुम शाक्य जुं "ज्ञानमाला निरक्षण भ्रमण" तसकं आवश्यक जुयाच्वंगु ज्याभ्वः खः। थुजाःगु ज्याभ्वलं खलः पिन्त हःपाः दयाः खलः खलः या दथ्वी सद्भाव अभिबृद्धि जुयाः न्ह्याःवनेत बल्लाःगु क्वातूगु भलसा जुइगुलि शंका मदु धया बिज्यात।

भाजु शाक्यं "यदि आवश्यक जूथाय् थः पिंगु भजन खलः पाखें भजन तालिम, भजनया लागि मगाः मचाः जुयाच्वंगु हारमोनियम तबला आदि ग्वाहालि यायेत नं थः पिं सक्षम व तयार दु धइगु खँ तया बिज्यासे थौंकन्हय् समग्र ज्ञानमालाय् भौ मस्तय्त भजन स्यनेगु यानाच्वनागु दु। म्ह्याय्मस्त मेपिनिगु छेँय वने धुंका भजन यायेगु ह्वःताः मदयाः भजन त्वःता च्वंगुलि भौमस्तय्त भजनया तालिम बियाच्वना धया बिज्यात।

मेगु प्यक्वःगु ज्ञानमाला निरीक्षणभ्रमण 'भोजपुर ज्ञानमाला भजन खलः, इमाडोल यलय् ञलां ज्वीगु क्वः जिउगु दु।

## भाःप्यु विवेक ल्यंकि

– हेरारत्न शाक्य, युवक बौद्ध मण्डल

हिंसा मनुतय्के गनं गथे मनय् वःगु ?
यचुगु मनूतय् नुगलय् सु दुब्यू वःगु ?
लोभ व स्वार्थ अले नुगः मुया वइगु
कतःयात थः भापी मफय्वं तँ पिहाँ वइगु।
प्याःचाःपित्यालं थः हे तंक विवेक तनीगु
तःधंछु जुइवं मेपिं चीधं खना वइगु
सू सु इपिं धकाः वइके अहं दना वइगु
अले वं मयाःगु छुं मदैगु शिक्षा ख्यले मदैगु।
पशु थें जुइत नं लिफः मस्वैपिं मनूत दयाच्वंगु
मात्र थः जक, थःगु जक थःपिंजक धाइपिं दु
न्हासं चुईक मदय्कं थुइकी मखु वं गुबलें
हास नास अजोपिं पाखें जुइ घमण्डं कां जुइबले।
कतःया सम्पत्ती सुख म्हंका च्वनीम्हं कसा नई
दुगुली लुधंके मफय्वं वं मत्यःगु याई
थःगु जीवन नापं जुलय् पाय्थें वं याना जुई
पंजाय् लाय्वं पश्चातापं थःत हे थम्हं सराः बिई।



Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



भगवान् बुद्धले कसिभारद्वाज ब्राह्मणलाई भन्नुभयो–
हे ब्राह्मण ! श्रद्धा मेरो बीज हो, तप वृष्टि (वर्षा) हो, प्रज्ञा मेरो जुवा र हलो हो, लज्जा मेरो फाली छडी हो।

वर्ष–३१; अङ्क–५

बु.सं. २५५७, यँयाः पुन्हि

Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

गुंला धर्म एक महिना सम्म धर्मकीर्ति विहारमा निरन्तर रूपमा बुद्धपूजा र धर्मदेशना कार्यक्रम सम्पन्न भएको छ। विहान ७ बजे देखि ८ बजे सम्म संचालन भएको उक्त एक महिने कार्यक्रममा बुद्ध पूजा र धर्म-देशना गर्नुहुने व्यक्तिहरूको नामावली यसरी रहेको छ।

| *क्र.सं.* | *मिति* | *बुद्धपूजा गर्नुहुने गुरूमां* | *धर्मदेशना* |
|---|---|---|---|
| १ | २०७०।४।२३ | शुभवती | धम्मवती गुरूमां |
| २ | २०७०।४।२४ | अमता | चमेली गुरूमां |
| ३ | २०७०।४।२५ | वण्णवती | पञ्ञावती गुरूमां |
| ४ | २०७०।४।२६ | सुवण्णवती | दानवती गुरूमां |
| ५ | २०७०।४।२७ | क्षान्तिवती | केशावती गुरूमां |
| ६ | २०७०।४।२८ | मणिवती | जवनवती गुरूमां |
| ७ | २०७०।४।२९ | शुभवती | त्यागवती गुरूमां |
| ८ | २०७०।४।३० | शुभवती | मेत्तावती गुरूमां |
| ९ | २०७०।४।३१ | क्षान्तिवती | इन्दावती गुरूमां |
| १० | २०७०।४।३२ | वण्णवती | वीर्यवती गुरूमां |
| ११ | २०७०।५।१ | सुवण्णवती | शुभवती गुरूमां |
| १२ | २०७०।५।२ | मणिवती | नरेश वज्राचार्य |
| १३ | २०७०।५।३ | मणिवती | वण्णवती गुरूमां |
| १४ | २०७०।५।४ | वण्णवती | चमेली गुरूमां |
| १५ | २०७०।५।५ | सुवण्णवती | धम्मवती गुरूमां |
| १६ | २०७०।५।६ | अमता | क्षान्तीवती गुरूमां |
| १७ | २०७०।५।७ | क्षान्तिवती | मणिवती गुरूमां |
| १८ | २०७०।५।८ | मणिवती | चमेली गुरूमां |
| १९ | २०७०।५।९ | मणिवती | जवनवती गुरूमां |
| २० | २०७०।५।१० | वण्णवती | दानवती गुरूमां |
| २१ | २०७०।५।११ | वण्णवती | त्यागवती गुरूमां |
| २२ | २०७०।५।१२ | अमता | मेत्तावती गुरूमां |
| २३ | २०७०।५।१३ | वण्णवती | इन्दावती गुरूमां |
| २४ | २०७०।५।१४ | मणिवती | वीर्यवती गुरूमां |
| २५ | २०७०।५।१५ | सुवण्णवती | धम्मवती गुरूमां |
| २६ | २०७०।५।१६ | क्षान्तीवती | चमेली गुरूमां |
| २७ | २०७०।५।१७ | मणिवती | वण्णवती गुरूमां |
| २८ | २०७०।५।१८ | शुभवती | धम्मवती गुरूमां |
| २९ | २०७०।५।१९ | मणिवती | क्षान्तिवती गुरूमां |
| ३० | २०७०।५।२० | अमता | केशावती गुरुमां |
| ३१ | २०७०।५।२१ | वण्णवती | चमेली गुरुमां |

## सूचना

धम्मवती गुरुमांया चय्दं बुदिंया लसताय् गुरुमांनं बि.सं. २०५५ सालय् कना बिज्याना तःगु अभिधर्म DVD पिदन !

धम्मवती गुरुमां नं बि.सं. २०५५ ज्येष्ठ २ गते निसें असार २ गते तक्क धर्मकीर्ति विहारय् कना बिज्याःगु प्रत्यक्ष भिडियो रेकर्ड आ DVD ले पिहाँ वःगु दु। गुरुमां नं हे च्वया बिज्याःगु अभिधर्म भाग १ व भाग २ सफूया आधारय् उबलय् प्रवचन जूगु खः। आः उगु निगू भागं सफू न्हूगु संस्करणय् छगू जुयाः पिदंगु दु। DVD छगू सेट न्यानादीपिन्त थ्व सफू सितिकं बीगु खः।

थ्व DVD छगू सेट (३२ चक्कां) या मू
रु. २०००/– तका जक खः।

*१) DVD पिकाक :*
धर्मकीर्ति पब्लिक इमेज कमिटी
धर्मकीर्ति विहार

*२) भिडियो कया दीम्ह*
**सिद्धार्थमान तुलाधर**

*३) भिडियो सम्पादन*
**पञ्ञावती गुरुमां**
**पवित्र कसाः**

*४) आर्थिक गुहालि :*
**सिद्धार्थमान व डा. सुमनकमल तुलाधर**

*५) DVD पिथना कजी नकिं*
**रीना तुलाधर**

*६) भिडियो दयेके ज्याः*
**पवित्र कसाः**
डिजिटल दवू इन्फोतेयन्मेन्स्
केलत्वाः

*[नोटः थ्व DVD मियाः वःगु दां धर्मकीर्ति पब्लिक इमेज कमिटिइ वनी। गुकिं हाकनं मेगु DVD पिथनाज्याय् गुहालि याई]*

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

*क्र.सं. ७८८*

**बिद्या सागर तुलाधर**
असं धालासिक्व
रु. ११०५/–

"मूर्खले मात्र हामीले एकदिन अवश्य मर्नुपर्छ भनि विचार गर्दैन **हामी मर्ने छौं** भनी विचार गर्ने वित्तिकै कलह शान्त हुन्छ" – धम्मपद

Downloaded from http://www.dhamma.digital